# परिच्छेद एकः परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

शिक्षा जुनसुकै जातजाती,बर्ग,लिङ्ग सबैको जीवनको आधारशीला हो । यसले देश विकासको क्रममा महत्वपूर्ण भूमिका खेल्दछ । मानिसको हरेक क्षेत्रमा महत्वपूर्ण तत्वको रुपमा रहेको शिक्षाले व्यक्तिलाई राज्यको आवश्यकता पूरा गर्ने नैतिक, चरित्रवान तथा सीपयुक्त नागरिक उत्पादन गरी राज्यको सर्वाङ्गिण विकास गराउनमा महत्वपूर्ण योगदान पुऱ्याउँदछ । नेपाली शिक्षा प्रणालीमा सामाजिक अध्ययनको विषयलाई विद्यालय तहको पाठ्यक्रममा समावेश गरी अध्यापन गर्न थालेको दुई दशक भई सकेर पनि यस विषयले पाउनुपर्ने न्याय पाउन सकिरहेको अवस्था पाइन्न । वर्तमान माध्यमिक तह सम्म यस विषयलाई अनिवार्य विषयको रुपमा राखी समाजलाई चिनाउने,सामाजिक मूल्यहरुलाई बुझाउने, राष्ट्रियता तथा नेपाली समाज सम्बन्धी आवश्यक धारणाहरु दिन खोजिएको पाइन्छ । एकिकृत विषयको रुपमा राखिएको यस विषयमा राजनीतिशास्त्र, समाजशास्त्र, भूगोल, इतिहास नागरिकशास्त्र आदि जस्ता विषयहरुलाई समावेश गरिएको छ (पाँडे,२०५४) ।

सामाजिक विषयको जन्म अमेरिकामा भएको हो । सुरुमा सामाजिक विषय भित्र इतिहास, अर्थशास्त्र र राजनीतिशास्त्र सम्मिलित थिए । यसको नामाकरण १८९२ इ.मा गरियो । त्यसपछि यसभित्र समाजशास्त्रलाई पनि सम्मिलित गरियो । तर सामाजिक अध्ययनको स्वरुपले १९१६ इ. सम्म मान्यता पाएन । १९३४ इ. पछि यस विषयका सम्बन्धमा विस्तृत अध्ययन सुरुभई यसलाई एक क्षेत्रीय विषयको रुपमा तथा छुट्टै अध्ययनका क्षेत्रका रुपमा हेर्न थालियो । प्रथम विश्वयुद्ध पश्चात यसको अध्ययन लोकप्रीय बन्दैगयो । अमेरिकी विद्यालयमा १९२० देखि १९५५को समयलाई सामाजिक ज्ञानको युग भनिन्छ । दोस्रो विश्वयुद्ध पश्चात विभिन्न देशहरुले शिक्षा पाठ्यक्रममा यस विषयलाई पनि समावेश गरे । नेपालको सन्दर्भमा २०३८ सालमा आवश्यक सुधार गरी प्रा.वि., नि.मा.वि. र मा.वि.मा सामाजिक विषयलाई समावेश गरियो । यस अन्तरगत भूगोल, इतिहास, नागरिक जीवन, अर्थशास्त्र जस्ता छुट्टाछुट्टै विषयको रुपमा राखिएको थियो । यसपछि २०५० सालको परिवर्तित पाठ्यक्रममा १०० पूर्णाङ्क तथा पाठ्यभार ५ राखी साधारण मा.वि. तर्फ र पूर्णाङ्क ५० तथा पाठ्यभार ३ राखी संस्कृत मा.वि. तर्फ अनिवार्य सामाजिक विषयको रुपमा कक्षा १० सम्म राखिएको हो ( श्रेष्ठ,२०५५) ।

विद्यालय तहका पाठ्यक्रमलाई जनआकांक्ष एवम् देशको परिवर्तित सनदर्भ अनुकूल समसामयिक परिवर्तन गर्नुपर्ने हुन्छ । पाठ्यक्रम सुधार तथा परिमार्जन कार्य अनवरत रुपमा चल्ने प्रकृया भएकाले यसलाई देशको राजनीतिक, आर्थिक एवम् सामाजिक परिवर्तन सँग समायोजन गर्नुपर्दछ । सामाजिक अध्ययनले देशको समसामयिक परिवर्तन, विश्वमा आएको नविनतम् प्रविधि र समाजको माग एवम् चाहनालाई समेट्ने भएकाले यो विषयको पाठ्यक्रम समयानुकुल, गतिशील र परिवर्तनशील हुन आवश्यक हुन्छ । यिनै तथ्यलाई दृष्टिगत गरी बदलिंदो राजनीतिक परिवेश अनुकूलका विषयवस्तुहरु समायोजन गरी सामाजिक विषयको पाठ्यक्रम तयार गरिएको छ । विश्वमा सूचना तथा सञ्चार क्षेत्रमा देखापरेका विकास, विश्वव्यापीकरण तथा  स्थानीयकरणलाई सामाजिक अध्ययन विषयमा समाहित गरी मानअधिकार, सामाजिक मूल्य एवम् मान्यता, प्राकृतिक प्रकोप (भूकम्प) आदि विषयवस्तुहरु समावेश गरी सामाजिक विषयलाई समसामयिक, व्यवहारिक र स्तरीय वनाइएको छ (पाविके, २०६४) ।

सामाजिक अध्ययनको पाठ्यक्रम विभिन्न नौ वटा क्षेत्रलाई समेटेर एकीकृत रुपमा तयार गरिएको छ । यसमा उल्लेख गरिएका विषवस्तुहरुको अध्ययन अध्यापन गराउँदा सवै क्षेत्रलाई उत्तिकै महत्व दिनुपर्ने हुन्छ । सम्बन्धित विषयवस्तुको एकीकृत रुपमा अध्ययन गराई विषयवस्तुको ज्ञान, सीप र धारणाको विकास गराउनुपर्दछ । विषयवस्तुको व्यवहारिक ज्ञान दिनका लाीग कक्षाभित्र वा बाहिर आ-आफ्नो टोल, समुदायहरुसँग सम्बन्ध राखी समुदायसँग सम्बन्धित क्रियाकलापहरु गराउनुपर्दछ । यी विषयवस्तुलाई जस्ताको तस्तै कण्ठ गराउने शिक्षण पद्दतीलाई निरुत्साहन गरी विद्यार्थीहरुलाई आ-आफ्ना समुदायमा खोज गरी सिर्जानात्मक प्रतिभाको विकास गर्न प्रोत्साहन गरिनुपर्दछ । सामाजिक अध्ययाले विद्यार्थीहरुले कथा, कविता, नाटक, समाचार, चिठी, सम्पादकीय, गीत, प्रतिवेदन, रेखाचित्र, वृत्तचित्र, स्तभंचित्र, तालिका तस्विर, नक्सा जस्ता सिर्जनसील विधाहरु मार्फत भाव अभिव्यक्त गरुन् र त्यस्ता कुरामा सिर्जनात्मक सीपको समेत विकास होस भन्ने लक्ष्य राखेको छ । यी सवै सीपहरुको विकास गर्न सवै विद्यार्थीहरु सक्षम नहुन पनि सक्छन्, त्यसैले उनीहरुलाई आफ्ना रुची अनुसारका सीपहरुको विकास गर्न प्रोत्साहित गर्नुपर्दछ । यसका निम्ति शिक्षकद्धारा निर्मित वार्षिक कार्य योजनाको ठूलो भूमिका रहन्छ (पाविके,२०६४) ।

सामाजिक विषयको पाठ्यक्रमले माध्यमिक तह अन्तरगत कक्षा १० मा जम्मा २७ वटा विशिष्ट उद्देश्यहरु राखिएको छ । यसरी निर्धारण गरिएका उद्देश्यहरु पुरा गराउन जम्मा १५० घण्टी पढाई हुनु पर्ने व्यवस्था गरिएको पाइन्छ । यस सन्दर्भमा वर्तमान अवस्थामा नेपालका सामुदायिक विद्यालयहरुमा भईरहेको सामाजिक विषयको अध्यापन कार्य, यस विषयको अध्यापन कार्यमा प्रयोग भईरहेको शिक्षण विधि र यसको प्रभावकारिताको अध्ययन अनुसन्धान गरी कमि कमजोरीहरु समेत पहिचान गरेर उपयुक्त विधिको खोजी गरी सुझाउनका लागि यो अध्ययन गरिएकोछ ।

## १.२. समस्याको कथन

सामाजिक शिक्षा व्यक्तिको व्यवहारमा परिवर्तन ल्याउने शिक्षाको रुपमा रहेको पाइन्छ । यसले व्यक्तिलाई सामाजिक परिवेशमा रहेका हरेक क्रियाकलापहरुमा प्रत्यक्ष रुपमा ज्ञान दिन्छ । त्यसैले यसको शिक्षणमा विशेष ध्यान दिन आवश्यक देखिन्छ । तथापी बर्तमान अवस्थामा यसको शिक्षण पाठ्यक्रमले दिएको उद्देश्य पुरा हुने खालको भइरहेको छैन भन्ने पाइएको छ । वास्तवमा के यस्तै भइरहेको छ त ? अध्ययन गर्न जरुरी देखिन्छ । त्यसैगरी वर्तमान अवस्थामा सामाजिक शिक्षाको अध्यापनवाट विद्यार्थीहरुले के सिकिरहेका छन् त ? वास्तविक सिकाइ नभइरहेका भन्ने विभिन्न क्षेत्रबाट आवाज उठिरहेको अवस्थामा वास्तवमा के भइरहेको छ त ? अध्ययन गर्न आवश्यक देखिन्छ ।

सामाजिक शिक्षाको अध्ययनले मानिसलाई सामाजिक बनाउने गर्दछ । यसरी सामाजिक बनाउने क्रममा शिक्षणको अहम भूमिका रहन्छ । यसमा प्रयोग गरिने शैक्षिक सामाग्री तथा अपनाइने शिक्षण विधिहरु कतिको व्यवहारिक र उपयोगी हुनपर्दछ । यसरी हेर्दा सामाजिक शिक्षाको शिक्षण वर्तमान परिवेश अनुसार सुहाँउदो छ कि छैन ? यसले विद्यार्थीहरुलाई दिन खोजेको कुरा शिक्षणवाट पुरा हुन सकेको छ कि छैन ? जस्ता सम्पूर्ण कुराहरुलाई समेत गहिरिएर अध्ययन गरी निष्कर्ष निकाल्न आवश्यक ठानी यस अध्ययन गरिएको छ ।

## १.३. अध्ययनको औचित्य

यस अध्ययनले वर्तमान अवस्थामा सामाजिक विषयको अध्यापन कार्यमा संलग्न रहेका शिक्षक, विद्यालयका प्रधानाध्यापक, विद्यार्थी, अभिभावक तथा पाठ्यक्रम निर्माण कार्यमा संलग्न व्यक्तिहरुलाई फाइदा पुग्नेछ । यसैगरी शिक्षा क्षेत्रका लागि तयार पारिने विभिन्न योजनामा संलग्न व्यक्तिहरु, नीति

निर्माता, शिक्षा क्षेत्रमा संलग्न अनुसन्धानकर्ता  समेतलाई फाइदा पुग्नेछ । सामाजिक विषयको अध्यापन कार्यको अध्ययन गरी यसमा प्रयोग गरिने शैक्षिक सामग्री र त्यसको प्रयोग तथा विधि र त्यसको प्रयोगका साथै यसवाट विद्यार्थीले प्राप्त गरेका उपलव्धि र थप प्रभावकारी विधिको समेत खोज गरिने भएकाले शिक्षाका तालिमसँग सम्वन्धित व्यक्तिहरुलाई समेत फाइदा पुग्नेछ ।

अध्ययनले वर्तमानमा सामाजिक विषयको अध्यापन प्रकृयाको सिङ्गो अनुसन्धान गरी यसको प्रभावकारिताको लेखाजोखा गरी थप विधिको समेत खोजी गरिने भएकाले शिक्षकलाई प्रभावकारी रुपमा शिक्षण गर्न नयाँ विधि प्राप्त हुने भएकोले र यसले आफ्नो उद्देश्य पुरा हुनका साथै शिक्षण सहज हुनेछ । प्रधानाध्यापकलाई विद्यालयमा प्रभावकारी शिक्षणका लागि थप योजना बनाउन फाइदा पुग्नेछ । अनुसन्धनबाट आएका निष्कर्षका आारमा नयाँ नयाँ विधि र कार्यक्रमहरु समावेश गर्न मार्गदर्शक बन्नेछ । विद्यार्थीलाई सहजै रुपमा आवश्यक ज्ञान, सीप र धारणाको विकास हुनेछ , अभिभावकलाई आफ्नो वालवालिकाको सामाजिक विकास सँगै आफूलाई समेत सोको व्यवहारमा प्रयोग गर्न फाइदा पुग्नेछ । पाठ्यक्रम निर्माणमा संलग्न व्यक्तिलाई परिवर्तित पाठ्यक्रममा सुधार गर्न, नीति निर्मातालाई नयाँ नीति निर्माण गर्न तथा योजनामा संलग्न व्यक्तिहरुलाई योजना बनाई कार्यान्वयन गर्न यस अध्ययनले प्राप्त गरेको निष्कर्ष एउटा आधार बन्नेछ । त्यसले नयाँ प्रभाकारी योजना तथा नीति निर्माणका लागि मार्ग प्रसस्त गर्नेछ । शिक्षाका तालिमसँग सम्बन्धित व्यक्तिहरलाई भावी दिनमा दिइने तालिमको खाका तयार पार्न र तालिम दिन एउटा आधार बन्नेछ भने अनुसन्धानकर्ताहरुलाई थप नयाँ कुराको खोजीका लागि सहयोगी बन्नेछ ।

## १.४. अध्ययनको उद्देश्य

सामाजिक अध्ययनका लागि प्रभावकारी अध्ययन विधि विषयको अनुसन्धानको निम्न उद्देश्यहरु रहेका छन् :

१. सामाजिक विषय शिक्षणमा प्रयोग भइरहेको शिक्षण विधिको पहिचान गर्नु ।

२. सामाजिक विषय शिक्षणलाई  प्रभावकारी बनाउने विधिको खोजी गर्नु ।

३. सामाजिक विषय शिक्षण कार्यमा देखिएका कमिकमजोरिहरु पत्ता लगाउनु ।

४. सामाजिक विषयको शिक्षण कार्यमा पाइएका कमिकमजोरीहरुको समाधानका उपायहरु सुझाउनु ।

### १.५. अनुसन्धानात्मक प्रश्नहरु

अनुसन्धान त्यतिकै गरिन्न । कुनै विषयमा रहेका समस्याको पहिचान गर्न, खोजी गर्न साथै समाधानका उपायहरु पत्ता लगाउनका लागि गरिन्छ । त्यसकारण यी सबै कुराको अध्ययन अनुसन्धान गर्नका लागि निश्चयनै कुनै व्यक्ति, शिक्षक अभिभावक तथा सम्बद्ध पक्ष सँग अन्तरवार्ता तथा प्रश्नावलीको माध्यमबाट प्रश्न गरिनुपर्दछ । यस सामाजिक अध्ययनका लागि प्रभावकारी अध्ययन विधि विषयको अनुसन्धानका क्रममा निम्न प्रश्नहरु रहेका छन् :

१. सामाजिक विषयको शिक्षण कार्यमा प्रयोग भइरहेका शिक्षण विधिहरु कस्ता छन् ?

२. सामाजिक विषयको शिक्षणकार्यलाई प्रभाकारी वनाउने विधि कुन हुनसक्छ ?

३. सामाजिक विषयको शिक्षणकार्यलाई प्रभाकारी वनाउन वर्तमानमा के के कमजोरीहरु छन् ?

४. सामाजिक विषयको शिक्षण कार्यमा पाइएका कमिकमजोरीहरुको समाधानका उपायहरु के के हुन सक्छन् ?

### १.६. अध्ययनका परिसीमाहरु

यस अध्ययनलाई इलाम जिल्लाको लक्ष्मिपुर श्रोतकेन्द भित्र सञ्चालित सामुदायिक माध्यमिक विद्यालयहरुमा केन्द्रित गरिएकोछ । अध्ययनका क्रममा ती विद्यालयहरुको शैक्षिक सत्र २०६८ को कक्षा १० को सामाजिक विषयको उपलब्धि तथा शैक्षिक बर्ष २०६९ को शिक्षण कार्यमा अध्ययन सिमित रहेकोछ । अध्ययन गर्दा सामाजिक विषयको शिक्षण कार्यमा प्रयोग गरिने शिक्षण विधिलाई परिसीमा भित्र समेटिएकोछ । सिमित स्रोत साधनको आधारमा गरिने यस अध्ययनमा प्राप्त हुने सूचनाहरुको आधारमा निष्कर्ष निकालिने हुँदा अन्यत्र लागु नहुन सक्दछ ।

# परिच्छेद दुईः सम्वन्धित साहित्यको पुनरावलोकन र शैद्धान्तिक ढाँचा

यस परिच्छेदमा सामाजिक अध्ययनकालागि प्रभावकारी शिक्षण विधि विषयसँग मिल्ने साहित्यहरुको पुनरावलोकन गरिएको छ । यसैगरी शैद्धान्तिक ढाँचा तथा पुनरावलोकनको उपादेयताको सन्दर्भ समेत यसमा उल्लेख गरिएको ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

पाविके ( २०६२) का अनुसार माध्यमिक तहका विद्यार्थीहरुको जीवनोपयोगी सीप प्रदान गराउनका लागि सामाजिक तथा व्यवहारिक ज्ञानको विकासमा जोड दिन विभिन्न क्षेत्रगत अध्ययन, अवलोकन, समुदाय सँगको छलफल लगायत कार्यमा स्वयं विद्यार्थीहरुलाई सक्रिय गराउनु पर्दछ । यसका साथै विद्यार्थीहरुलाई अतिरिक्त तथा सहकार्यकलापमा सरिक गराई विभिन्न सीप विकासमा शिक्षकले भूमिका खेल्नुपर्ने हुन्छ । प्रभावकारी सिकाईका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन परिपाटी अवलम्बन गर्नुपर्दछ । यसका साथै शैक्षिक जनशक्ति विकास केन्द्रबाट सञ्चालित तालिममा शिक्षकलाई संलग्न गराउनु पर्दछ । यस साहित्यमा शिक्षण कार्यलाई प्रभावकारी बनाउन तालिमको व्यवस्था गरिनुपर्ने कुरालाई मात्र महत्व दिइएको पाइन्छ । तर तालिम लिएका शिक्षकहरुवाट पनि सिकेका सीप कक्षामा प्रयोग भए नभएको उल्लेख गरिएको पाइएन । त्यसैले यस अध्ययनमा सम्बन्धित साहित्यमा पाइएका अपूरोलाई परिपूर्ति गर्न यस अनुसन्धान प्रभावकारी हुनेछ ।

गुरुङ्ग (२०६८) ले उ्ल्लेख गरेअनुसार विद्यार्थीमा विश्लेषणात्मक क्षमता विकास गर्न खोज्दा शिक्षकको दिमागमा जमेर वसेको पूर्वमान्यता र विश्वासले चुनौति थपिदिन्छ । शिक्षकले आफ्नो मान्यता ठिक छ कि छैन ? भनेर विद्यार्थीसँग कहिल्यै विचार-विमर्ष गर्दैनन् । अन्ततः शिक्षकका मान्यता र नियम नै सिकाई प्रक्रियामा अवरोध बनिरहेको अवस्था रहेको हुन्छ । रचनात्मक सिकाइले मात्र रचनात्मक बन्न सिकाउँछ । आफूले जे जानेको छ त्यसप्रति अटल श्रद्धाभाव राखी नयाँ र सिर्जनशील कार्यको अवलम्बन नगरिनु वास्तविक सिकाइ हुन सक्दैन । सिकाइले पेशागत सीप मात्र नभएर व्यक्तित्व निमाणलाई पनि महत्व दिइनुपर्दछ । यसरी यस लेखमा शिक्षक सिर्जनशील बन्नुपर्ने कुराको वकालत गरेको पाइन्छ तर, सिर्जनशीलता भित्र आलोचना वा समालोचनालाई मात्र बढावा दिइएको

पाइन्छ । सामाजिक विषय शिक्षणमा आलोचना वा समालोचना सँगसँगै अन्य क्रियाकलापहरुमा समेत विद्यार्थीहरुलाई क्रियाशिल बनाई शिक्षण गर्नुपर्दछ, जसमा प्रयोग हुने विभिन्न शिक्षण विधिहरु आवश्यकताको आधारमा शिक्षकले प्रउोग गरी समय परिस्थिती अनुसार शिक्षण गर्न सक्नुनै शिक्षकको महान कर्तव्य हुन जान्छ, जसले सामाजिक शिक्षाले तोकेको उद्देश्य पुरा गर्न सकिन्छ भन्ने कुरालाई समेत ध्यानमा राख्दै त्यस सम्बन्धमा पनि यो अनुसन्धान अगाडि बढ्नेछ ।

श्रेष्ठ (२०५५) का अनुसार, सामाजिक अध्ययन परम्परागत चिन्तनबाट हटेर आधुनिक प्रविधी तथा विधिहरुको छनौट गरी समय सापेक्षरुपमा शिक्षण गर्नुपर्ने बर्तमानको चुनौती रहेको छ । सामाजिक अध्ययन शिक्षणको स्वरुप, लक्ष्य उद्देश्य, आधार, तात्कालिन घटना र  विवादास्पद विषय, पाठ्यक्रम, संरचना, शिक्षण विधि, शैक्षिक सामग्री, स्रोतहरु, सीप, योजना तथा मूल्याङ्क यसका विषयवस्तु हुन् । विधि प्रकृयाहरुको त्यो सुपरिभाषित संरचना हो, जसमा परिस्थितीको माग अनुसार विभिन्न विधि र युक्तिहरु निहित हुन्छन् । यसैगरी शिक्षण विधिलाई एउटा मार्गको रुपमा लिएर उद्देश्य प्राप्तिका लागि शिक्षकले यसको प्रयोगमा समय परिस्थिति र उपलब्धिअनुसार सुधार गर्दै जानुपर्दछ । यसरी सामाजिक अध्ययन शिक्षणलाई प्रभावकारी बनाउन व्याख्यान, छलफल, पाठ्यपुस्तक, समस्या समाधान, प्रस्नोत्तर, भूमिका अभिनय, योजना, अन्वेषण वा सोधखोज, सामाजिक अभिव्यक्ति, कथावाचन, प्रयोगशाला विधिहरु प्रयोग गर्न सकिन्छ ।

यस साहित्यमा यति रहँदा रहँदै पनि सामाजिक शिक्षणमा वर्तमान अवस्थामा दिनुपर्ने ज्ञान, सीप तथा धारणाको विकासका लागि आवश्यक पर्ने विधि तथा सीपहरु यसमा उल्लेख भएको पाइन्न । यस विषय भित्र विषयवस्तुको रुपमा रहेको, परम्परा मुल्यमान्यता, संस्कृती रीतिरिवाज, कला, सामाजिक समस्याहरु, विकासका पूर्बाधार आदि जस्ता विषयवस्तुको विद्यार्थीहरुमा ज्ञान, सीप तथा धारणा दिन यतिमात्र विधिले सिमित नहुने देखिन्छ । पुस्तकमा किटानै गरेर विधिहरुको उल्लेख गरिएकाले अन्य विधिहरु जुन सामाजिक अध्ययन विषयका लागि महत्वपूर्ण रहेका छन् तिनीहरु छुट्न गएको पाइन्छ । त्यसैले यसमा रहेका अभावलाई परिपूर्ति गर्न यस अनुसन्धान प्रभावकारी बन्नेछ ।

## २.२ अध्ययनको शैद्धान्तिक खाका

यस अध्ययनका उद्देश्यहरूको प्राप्तिका लागि अध्ययन कार्यलाई वस्तुगत ढंगले अघि बढाउने क्रममा शोध अध्ययनको विषय, प्रकृति, क्षेत्र लगायतका विषयको गाम्भिर्यतालाई मध्यनजर गर्दै कुन सैद्धान्तिक धरातलमा रहेर अनुसन्धान गर्ने हो सो नै यस सैद्धान्तिक खाका भित्र पर्दछन् । सामाजिक अध्ययनकालागि प्रभावकारी शिक्षण विधि विषयमा पनि आफ्नै सैद्धान्तिक खाका छन् जुन निम्न सिद्धान्तमा रहेर गरिएको छ ।

क्राउडर( १९५०)का अनुसार,विद्यार्थीले परिणाम या ज्ञान प्राप्त गर्ने एउटै मात्र वाटो नभई धेरै हुनाले विखण्डित कार्यक्रम अनुसार सिकाइ गराउनु पर्दछ । सिकाइमा विकल्पहरु धरै हुने हुँदा कुनैपनि विकल्प रोज्न सकिन्छ, जुन उपयोगि होस । सिकाइ सिकारुका भित्री कारण भएकोले यसलाई आन्तरिक पनि भनिन्छ । यस्तो सिकाइमा सिकारुले तुरुन्त पृष्ठपोषण प्राप्त गर्ने भएकोले गल्ति सुधार गर्ने मौका पाउँदछ (काफ्ले,सिन्हा,श्रेष्ठ र वस्नेत, २०६१ वाट ) ।

हिल्डा तावा ( १९५६) ले शिक्षण क्रियाकलाप गर्दा विद्यार्थीलाई सकृय बनाई उनीहरुलाईनै प्रयोग गर्न लगाएर शिक्षण गरेमा विद्यार्थीले सिक्दछन् भन्ने पुष्ठि गरेका छन् । विद्यार्थीले ती कुराहरु जुन समस्याको समाधान आफै सहभागी भएर गर्दछन्, त्यही कुरा सिक्दछन् । विद्यार्थी केन्द्रित प्रयोगात्मक विधिमा आधारित रहेर शिक्षण क्रियाकलाप गर्नुपर्नेमा जोड दिएको पाइन्छ । शिक्षालाई अधिकारका रुपमा लिइसकेको परिप्रेक्षमा शिक्षा क्षेत्रमा रहेका असमानता र विभेदको अन्त्य गरी सबैको पहुँचको विषय शिक्षा हुनु पर्दछ तबमात्र शिक्षण विधिले सिकाई उपलब्धि हासिल गर्न सहयोग गर्दछ भन्ने आजको सन्दर्भमा सबैलाई समान सिकाइ उपलब्धि हासिल हुने प्रकारको शिक्षण विधि अपनाएर शिक्षण गर्नुपर्ने देखिन्छ (काफ्ले२०६३मा उदृत) ।

स्कीनर(१९३१) ले व्यवहारको मात्रात्मक तथा गुणात्मक परिवर्तनमा प्रभाव पार्ने अवस्थालाई पुनर्वलको रुपमा परिभाषित गरेका छन् । सकारात्मक पुनर्वलले सिकाइमा प्रभाव पार्छ । त्यसकारण शिक्षकले शिषण गर्दा उक्त कुरालाई समेत ध्यान दिएर शिक्षण क्रियाकलाप गारएमा सिकाइ उपलब्धि राम्रो हुन सक्दछ । साथै योजनाबद्ध शिक्षणमा विद्यार्थीको व्यक्तिगत तिब्र बुद्धी र क्षमताको आधारमा एक एक विषयवस्तु जानिसकेपछि स्वतः अर्को विषयवस्तुमा प्रवेश गर्दै आफै सकृय हुनुपर्छ र शिक्षक सँधै सचेत, जागरुक र आफ्नो प्रभावकारी शिक्षणमा सफल हुनका लागिपाठलाई साना साना एकाइमा

विभाजन गरी सिकारुका समक्ष प्रस्तुत गर्नुपर्दछ । यसले सिकारुको सिकाइ प्रकृयाको गतिलाई अघि बडाँउछ ( शर्मा एण्ड शर्मा २०६३मा उदृत ) ।

## २.३ पुनरावलोकनको उपादेयता

माथी पुनरावलोकन गरिएका पूर्व साहित्यहरु विशेषतः सामाजिक शिक्षण क्रियाकलाप सँग सम्बन्धित रहेका छन् । यसले यस अध्ययनमा परम्परागत शिक्षण शैलीको जानकारी लिने र त्यसले सिकाइमा पारेको प्रभावको जानकारी लिई अवको सिकाईमा प्रभावकारिता ल्याउन अपनाउन सकिने प्रकृयाको बोध गराउन सहयोग पुग्नेछ । त्यसैगरी ती साहित्यको अध्ययनबाट कक्षामा गरिने सिकाइ क्रियाकलापमा प्रयोग हुने विधिहरु, पहिला प्रयोगमा आएका विधि, शैक्षिक सामग्रीको प्रयोग तथा त्यसको प्रभावकारिताको समेत जानकारी दिई अवको सिकाईमा थप विधिको आवश्यकता समेत औल्याउन मद्दत पुग्ने देखिन्छ । सामाजिक शिक्षणमा प्रयोग भइरहेका विधिहरु, विगतमा पहिल्याइएका विधिहरु, तिनीहरुको उपलब्धि र बर्तमानमा त्यसको प्रभाव र आवश्यक थप विधिहरुको पहिचानका लागि समेत माथि पुनरावलोकन गरिएका साहित्यले महत्व राख्ने देखिन्छ ।

# परिच्छेद तीनः अध्ययन विधि

यस अनुसन्धानलाई प्रभावकारी बनाउन गुणात्मक र परिमाणात्मक विधिको प्रयोग गरिएको छ। साथै छनौटमा परेका विद्यालय, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, विद्यालय निरीक्षक,आदि सँग प्रत्यक्ष उपस्थित भएर र कतिपय तथ्याङ्कहरु विद्यालयका अभिलेखहरुको अध्ययनबाट लिइएको छ। जसलाई तल प्रस्तुत गरिएको छ।

## ३.१. अनुसन्धानको ढाँचा

यो अध्ययन गुणात्मक तथा परिमाणात्मक दुवै गरी मिश्रित विधिमा आधारित छ । यो अनुसन्धानका लागि आवश्यक पर्ने विवरणहरू अनुसन्धानकर्ता स्वयम् विद्यालयमा उपस्थित भएर प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, स्रोत व्यक्ति, अभिभावकहरूसँग प्रश्नावली, छलफल, अन्तरवार्ताका आधारमा संकलन गरिनेछ । अध्ययनमा गुणात्मक तथा परिमाणात्मक तथ्यांक विद्यालयको अभिलेख तथा द्वितीय स्रोतबाट पनि संकलन गरिनेछ । यो शोधमा प्रयोग हुने कतिपय तथ्यांक, सूचनाहरू, सम्बन्धित लेखहरू, शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालयद्वारा तयार पारिएका सामग्रीसमेत आधार लिएर तयार पारिएकोछ। यसरी प्राप्त तथ्याङ्कलाई वर्णनात्मक ढङ्गले प्रस्तुत गरिएकोछ।

## ३.२. जनसंख्या

यस अध्ययका लागि परिसीमामा तोकिए अनुसारन इलाम जिल्लाको लक्ष्मिपुर स्रोतकेन्द भित्र सञ्चालित सामुदायिक माध्यमिक विद्यालय, कार्यरत प्र.अ.,अध्यापनरत सामाजिक विषय शिक्षक, स्रोतव्यक्ति, विद्यालय निरीक्षक, अध्ययनरत विद्यार्थीहरु र अध्ययनरत विद्यार्थीका अभिभावकहरु जनसंख्याको रुपमा रहेका छन्।

## ३.३. नमूना.छनौट

यस अध्ययनमा इलाम जिल्लामा रहेका १४ वटा स्रोत केन्द्रहरूमध्ये लक्ष्मिपुर स्रोतकेन्द्र अन्तर्गतका तीनवटा सामूदायिक माध्यमिक विद्यालयका निम्न संख्यामा निम्न व्यक्तिहरु नमुनाको रुपमा छनौट गरिएकोछ।

तालिका नं. १

नमूना छनौटमा परेका व्यक्तिहरु :-

| क्रम | विद्यालय | विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | निरीक्षक | स्रो.व्य. | अभिभावक | विद्यार्थी |
| १ | पूर्णस्मारक उमावि. | १ | १ | १ | १ | २ | ३ |
| २ | सरस्वती उमावि | १ | १ | १ | १ | २ | ३ |
| ३ | नन्द मावि | १ | १ | १ | १ | २ | ३ |

स्रोतः-स्थलगत सर्भेक्षण,२०६९ ।

नमूना छनौट विधि

यस अध्ययनका क्रममा जनसंख्या नमूना छनौटमा परेका प्र.अ., स्रो.व्य., वि.नि. स्वतः छनौटमा परेका छन् भने शिक्षक, विद्यार्थी, स्रो.व्य., वि.नि. हरुको छनौट उद्देश्यमुलक नमूना छनौट विधिद्वारा छनौट गरिएकोछ ।

नमूना छनौटका आधारहरु

यस अध्ययनका क्रममा नमुना जनसंख्या छनौट गर्ने क्रममा उपलब्ध स्रोतसाधन, समय, कुल जनसंख्या मध्येका प्रतिशत, लैङ्गिकता तथा क्षेत्रगत आधारलाई समेत मध्यनजर गर्दै छनौट गरिनेछ । सहजता, लैङ्गिक, जातजाती, वर्ग, धर्म, शारिरीक अवस्था आदि जस्ता कुराहरुलाई ध्यानमा राखी छनौट गरिएकोछ ।

३.४ अध्ययनका साधनहरु

यस अध्ययका क्रममा निम्न साधनहरु निम्न व्यक्ति तथा स्थानमा प्रयोग गरिएको छ ।

(क) प्रश्नावली

अध्ययनका क्रममा सवै विद्यालयका प्र.अ., शिक्षक, स्रोतव्यक्ति तथा निरीक्षकलाई विद्यालय तथा कार्यालयमा स्वयं उपस्थित भएर प्रयोग गरिएकोछ ।

(ख) अवलोकन फारम

स्वयं उपस्थित भएर कक्षा अवलोकनको क्रममा अवलोकन फारम प्रयोग गरिएको छ ।

(ग) अन्तरवार्ता प्रश्नावली

विद्यालयमा उपस्थित भएर विद्यार्थी र अभिभावक सँग अन्तर्वाता फारमको प्रयोग गरिएकोछ। अध्ययनका क्रममा यी साधनहरुको प्रयोग गरिने छ। जसलाई अनुसूचीमा सामावेश गरिएको छ। यसरी यी साधनहरु मध्ये प्रश्नावली प्र.अ., शिक्षक, स्रोतव्यक्ति, विद्यार्थी, अभिभावकलाई प्रयोग गरिनेछ। अवलोकन फारम कक्षा अवलोकनका क्रममा प्रयोग गरिनेछ। अन्तरवर्ता फारम विद्यार्थी, विषय अभिभावकलाई प्रयोग गरिएको छ।

साधनहरुको वैद्यता

यस अध्ययनका साधनहरुको छनौट गर्ने क्रममा अध्ययनको उद्देश्य पुरा गर्ने गरीसाधनको छनौट गरिएकोछ। यसका साथै साधनलाई वैद्यता प्रदान गर्नका लागि प्रस्तावना स्वीकृती पछि शोध निर्देशकसँगको निर्देशन वाट लिइएकोछ। त्यसैगरी अन्य शोधकर्ता, विज्ञहरुसँगको सल्लाह सुझाव, पुस्तकालय, पूर्वपरिक्षण समेतलाई आधार लिई वैद्यता दिलाइएको छ।

३.५ तथ्याङ्कको स्रोत

अनुसन्धानका क्रममा प्रयोगमा आउने तथ्याङ्कहरु कहाँबाट प्राप्त हुन्छन् , त्यसलाई ` तथ्याङ्कको स्रोत मानिन्छ। सामाजिक अध्ययनका लागि प्रभावकारी शिक्षण विधि अध्ययनमा पनि दुई प्रकारका स्रोतहरुको प्रयोग गरिएको छ।

(क) प्राथमिक स्रोत

अनुसन्धानका क्रममा प्रत्यक्ष तथ्याङ्कका स्रोतहरु का प्र.अ., शिक्षक, विद्यार्थी, स्रो.व्य., वि.नि. तथा अभिभावकहरु सँग गरिएका प्रश्नावली, अन्तरवार्ता, अवलोकन फारम, लक्षित समुह छलफल वाट लिइएका स्रोतलाई प्राथमिक स्रोतको रुपमा लिइएको छ।

(ख) द्वितीय स्रोत

यस अनुसन्धानका क्रममा प्रयोगमा आउने अप्रत्यक्ष तर आवश्यक र सहयोगी स्रोतहरु तथ्याङ्कका सहायक स्रोतहरु हुन्। यस अन्तरर्गत विद्यालयको प्रगति विवरण, स्टाफवैठक पुस्तिका, शैक्षिक सामग्रीको अभिलेख लगायतका आवश्यक अभिलेखहरु रहेका छन्।

३.६ तथ्याङ्क सङ्कलन विधि

यस अध्ययनको जनसंख्याका रुपमा नमूनामा परेका विद्यालयका प्र.अ., विद्यार्थी, अभिभावक, स्रोतव्यक्ति, निरीक्षकबाट आवश्यक सामग्रीको प्रयोग गरी प्रत्यक्ष भेटेर आवश्यक तथ्याङ्क लिइएकोछ। समुह छलफल, कक्षा अवलोकन जस्ता प्रकृया मार्फत थप तथ्याङ्क लिइएकोछ। यसैगरी समूह छलफल सम्वन्धित स्थानमा गई छलफल गराई आएको निचोडलाई लिइएकोछ। सर्भेक्षण फारम भर्ने क्रममा पनि अध्ययन कर्ताले नै सम्बन्धित स्थानमा गई तथ्याङ्क लिइएकोछ। कुनै कुनै तथ्याङ्क लिने क्रममा टेलीफोन तथा पत्राचारको पनि प्रयोग गरिएको थियो।

३.७ तथ्याङ्क विश्लेषण विधि

यस अध्ययनको उद्देश्य पूरा गर्नका लागि विभिन्न साधनहरूको प्रयोग गरी सम्वन्धित स्थान तथा व्यक्तिहरुबाट प्राप्त भएका तथ्याङ्कलाई विश्लेषण गर्नका विभिन्न उप-शीर्षकहरूमा विभाजन गरी विवरणात्मक, व्याख्यात्मक, विश्लेषणात्मक, प्रतिशत, औषत आदि विधिबाट तथ्याङ्क बिश्लेषण गरिनेछ विश्लेषणकै क्रममा सम्बन्धित विषयमा विगतमा भएगरिएका साहित्यहरु र सिद्धान्तहरुसँग समेत सम्बन्ध स्थापित गरिएको छ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण तथा व्याख्या

यस अनुसन्धानका लागि आवश्यक तथ्याङ्क विद्यार्थी, अभिभावक, शिक्षक, प्रधानाध्यापक, स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकहरु सँग प्रश्नावली, अन्तरवार्ता, अवलोकन मार्फत संकलित तथ्याङ्कहरुलाई विवरण तालिकामा राखी व्याख्या विश्लेषण गरिएको छ ।

## ४.१ सामाजिक शिक्षणमा प्रयोग भइरहेका शिक्षण विधिको अवस्था

माध्यमिक तहको सामाजिक विषय एकिकृत विषयवस्तु समेटेर तयार पारिएको विषय भएकोले यसको शिक्षण कार्यमा पनि विधिन्न विधिहरुको प्रयोग गर्न आवश्यक रहन्छ । सिकाइका क्रममा नेपालका सामुदायिक विद्यालयहरुमा विभिन्न वहुलतालाई ध्यान दिंदै सवै पक्ष र क्षेत्रप्रति विभेद रहित शिक्षण कार्य गर्न आवश्यक हुन्छ । शिक्षण सिकाइको विषयवस्तु र त्यसको प्रस्तुतीकरण शिक्षण विधिका आधरभुत तत्व हुन् । शिक्षणको उद्देश्य प्राप्तिका लागि शिक्षण विधि अनिवार्य छ । अध्ययनमा परेका विद्यालयहरुमा वर्तमान अवस्थामा प्रयोग भइरहेका शिक्षण विधिहरु निम्न रहेको पाइयो ।

### ४.१.१. शिक्षक केन्द्रित शिक्षण विधि

शिक्षक सकृय रहने विधि यस विधिअन्तरगत पर्दछन् । विद्यार्थीको क्षमता प्रदर्शन तथा उनीहरुको प्रतिभा प्रस्फुटनमा यसले रोक लगाउँदछ । यस सामाजिक अध्ययनका लागि प्रभावकारी शिक्षण विधिको अध्ययन गर्ने क्रममा छनौटमा परेका सामुदायिक माध्यमिक विद्यालयहरुमा निम्न शिक्षक केन्द्रित शिक्षण विधिहरुको प्रयोग भइरहेको पाइयो ।

#### व्याख्यान विधि

परम्परागत शिक्षण विधिका रुपमा रहेको यस विधि प्रभावकारी विधिको रुपमा मानिदैन । शिक्षकले विषयवस्तु प्रस्तुत गर्ने क्रममा कक्षामा मौखिक रुपले व्याख्या गरेर मात्र वुझाउने प्रयास गर्दछ । शैक्षिक सामग्रीको प्रयोग नगरिने यस विधि छनौटमा परेका विद्यालयहरुमा बढी मात्रामा प्रयोगमा रहेको पाइयो । शिक्षकले विषयवस्तुको जानकारी एकतर्फि रुपमा व्याख्या गरेर विद्यार्थीलाई बुझाउने प्रयास गरिरहेको स्वयं शिक्षकहरुले व्यक्त गरे । यसैगरी यस विधिबाट शिक्षण गर्दा विद्यार्थीहरु पूर्ण रुपमा निष्कृय रहने रहेको पाइयो । उनीहरु सहभागी हुने कुनैपनि क्रियाकलाप  सञ्चालन नहुने भएकोले

कक्षामा निष्कृय रहँदा शिक्षकले पढाएको नबुझ्ने, पढाएको समयमा अन्य क्रियाकलापमा सकृय रहेर पढाइतिर ध्यान नदिने गरेको पाइयो । यसका साथै शिक्षक स्वयं पूर्ण रुपमा तयारी नभइ केवल पाठ्यपुस्तकको आधारमा अगाडि उभिएर व्याख्यामात्र गरेको पाइयो । यसरी शिक्षण गर्ने क्रममा शिक्षकले शैक्षिक सामग्रीको प्रयोग नगर्नका साथै पाठको शीर्षक लेख्न बाहेक कालोपाटीको समेत प्रयोग गरिएको पाइएन । शिक्षणका क्रममा विद्यार्थीहरुको सकृयता, शिक्षण प्रति उनीहरुको ध्यान सम्बन्धमा शिक्षकले ध्यान दिएको पाइएन ।

पाठ्यपुस्तक विधि

पाठ्यपुस्तक विधि एक स्वतन्त्र विधि होइन । यो एक प्रत्रिया र माध्यम हो जसद्वारा ज्ञान प्राप्त गर्न सकिन्छ । पाठ्य पुस्तकलाई आधार बनाएर परिने शिषण कार्यलाई पाठ्यपुस्तक विधिको रुपमा लिइन्छ । यसमा शिक्षकले पुस्तकमा दिइएको पाठको साराशं बताउने, मुख्य मुख्य वुँदाहरुको विश्लेषण गर्ने गरिन्छ । यस अध्ययनका क्रममा छनौटमा परेका विद्यालयहरुमा यस पाठ्यपुस्तक विधिको प्रयोग गरिएको पाइयो । शिक्षकले पढाउने पाठको शीर्षक भन्ने र सो अनुसार पाठ्यपुस्तक पढने त्यसपछि व्यख्या गर्ने गरेको पाइयो भने विद्यार्थीलाई पाठ पढ्न लगाएर शिक्षकले व्याख्या गरिदिने गरेको पनि पाइयो । यसरी यस विधिको प्रयोग गरी शिक्षण कार्य गर्दा शिक्षकले पाठ्यपुस्तकलाई मात्र मुख्य आधार बनाएको, पाठ्यपुस्तक बाहेक अन्य सन्दर्भ सामग्रीहरुको प्रयोग नगरिएको र विद्यार्थीलाई पनि पाठ्यपुस्तक मात्र एउटा साधन हो र यसवाहेक अन्य सामग्रीको प्रयोग जरुरी छैन भन्ने भान पर्न गएको पाइयो ।

प्रश्नोत्तर विधि

प्रश्नोत्तर विधि एउटा यस्तो विधि हो जसले शिक्षक र विद्यार्थी दुवैलाई सकृय राख्दछ । यसवाट शिक्षक र विद्यार्थी वीच परस्पर प्रश्नोत्तरको माध्यमबाट शिक्षण सिकाइ क्रियाकलाप हुने गर्दछ । यसले विद्यार्थीहरुलाई मानसिक रुपमा सकृय बनाउछ । यसमा शिक्षकले प्रश्न सोध्ने र विद्यार्थीले उत्तर दिने क्रममा कक्षाका सबै विद्यार्थीहरुले उत्तर दिन सकोस या प्रश्नको उत्तर खोज्न सकोस भन्ने ध्येय राखिएको हुन्छ । विषयवस्तुको सम्बन्धमा विद्यार्थीरुलाई प्रश्न गर्ने र सही उत्तर आउन नसके आफूले उत्तर बताइदिने प्रचलन छनौटमा परेका सामुदायिक माध्यमिक विद्यालयहरुमा रहेको पाइयो । शिक्षकले प्रश्न गर्ने र विद्यार्थीले उत्तर दिने कार्य सामाजिक शिक्षणमा रहँदै आएको शिक्षक विद्यार्थी दुवैले बताए ।

तर केवल अधिल्लो दिनको पाठको स्मरण गराउन र पढाइ हुने पाठको जानकारी गराउन मात्र यसको प्रयोग गरिएको पाइयो । यसरी प्रश्न सोध्ने र उत्तर लिने क्रममा पनि जान्ने विद्यार्थी सकृय रहेको र नजान्ने विद्यार्थीहरु निष्कृय रहेको पाइयो । साथै प्रश्न गर्दा सामूहिक र उत्तर पनि सामूहिक नै लिने गरेको पाइयो । त्यसैगरी् सोधिएका प्रश्नहरु हो वा होइन जस्ता उत्तर आउने प्रकृतिका वढी प्रयोगमा आएको पाइयो ।

कथा कथन विधि

कथाको माध्यमबाट विषयवस्तुको प्रस्तुतीकरण गरी शिक्षण गर्ने विधिलाई कथाकथन विधिको रुपमा लिइन्छ । यस विधिमा विषयवस्तूलाई कलात्मक ढङ्गले प्रस्तुत गरिन्छ । विद्यार्थीहरुलाई बुझाउन विभिन्न सन्दर्भहरुको उल्लेख गरेर गरिने शिक्षण भएकोले यसवाट विद्यार्थीहरुले रोचक तरिकाले विषयवस्तुको ज्ञान लिन सक्दछन् । यस अध्ययनको छनौटमा परेका विद्यालयरु पनि यस विधिको प्रयोग भएको पाइयो । यो विधिको प्रयोग गर्ने क्रममा शिक्षकले कुनै प्रसङ्गको कथा भनिदिने गरिएको पाइयो । विद्यार्थीहरुले कथा सुन्ने वाहेकका क्रियाकलापमा सहभागि हुने गरेको पाइएन । त्यसैले विद्यार्थीहरु आकर्षित पनि भएको पाइएन । सामाजिक घट्ना, परम्परा, रितिरिवाज,धर्म संस्कृती आदि विषयवस्तु प्रस्तुती गरिंदा विशेषतः यस विधिको प्रयोग हुने गरेको पाइयो ।

यी माथी उल्लेख गरिएका छनौटमा परेका विद्यालयहरुमा प्रयोगमा आइरहेका शिक्षण विधिहरुले शिक्षण सिकाइ कार्यमा केवल शिक्षक मात्र सक्रिय रहने गरेको पाइयो । विषय वस्तुको प्रस्तुतीकरण देखि कक्षाका सम्पूर्ण कार्यहरुमा शिक्षक एक्लै क्रियाशील रहने र उक्त कार्यमा विद्यार्थीहरु निष्कृय रहेको पाइयो । विषयवस्तुको प्रस्तुतीकरणमा विद्यार्थीहरु अन्यत्र केन्द्रित रहेको समेत पाइयो । साथै विद्यार्थीको सकृयताको सन्दर्भमा पनि शिक्षकले ध्यान पूर्ण रुपमा दिन सकेको पाइएन । साथै शिक्षकको काम शिक्षण गर्नेमात्र, अर्थात विषयवस्तु पस्कने मात्र हो भन्ने मानसिकतामा शिषक रहेको पाइयो । शिक्षण पछि विद्यार्थीले वुझे नवुझेको जानकारी लिन मुल्याङ्कन गरिने गरेको पाइएन । शिक्षकले सरसर्ति शिक्षण गर्ने कार्य मात्र भएको पाइयो । शिक्षणलाई प्रभावकारी वनाउन विभिन्न शैक्षिक सामग्रीहरुको प्रयोग गर्नपर्दछ भन्ने मानसिकता नरहेको पाइयो । यसैगरी शिक्षण कार्यमा शिक्षक विषयवस्तु उजागर गरेर विद्यार्थीलाई कौतुहलता मात्र प्रदान गर्ने र विषयवस्तुको थप जानकारी विद्यालर्थीले नै खोजेर लिन पर्दछ जसले सकृय सिकाइ हुन्छ भन्ने मान्यतामा

शिक्षण भएको पाइएन । शिक्षकको काम पढाउने हो, विद्यार्थीले जेसुकै गरोस भन्ने मानसिकतामा रहेको पाइयो. ।

४.१.२. विद्यार्थी केन्द्रित/अन्तरक्रियात्मक शिक्षण विधि

विद्यार्थीहरुको सकृय सहभागितामा हुने शिक्षण विधि यस विधि अन्तरगत पर्दछन् । विद्यार्थीलाई केन्द्रित बनाई उनीहरुमा रहेका अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गराउने अवसर यस विधिमा दिने गरिन्छ । यसले विद्यार्थीको सिर्जनात्मक क्षमताको विकास गराउने योगदान पुग्दछ । सामाजिक अध्ययनका लागि प्रभावकारी शिक्षण विधिको अध्ययन गर्ने कार्यमा छनौटमा परेका सामुदायिक माध्यमिक विद्यालयहरुमा यस विधिको प्रयोग न्युन रहेको पाइयो । निम्न विधिहरुलाई प्रयोगमा ल्याइएको पाइयो ।

समस्या समाधान विधि

विद्यार्थीहरुलाई विषयवस्तु सँग मेल खाने कुनै समस्या दिएर त्यसको समाधान गर्न, निचोड निकाल्न लगाइने विधि यस विधि अन्तरगत पर्दछन् । यसले विद्यार्थीलाई सकृय गराई उनीहरुलाई जागरुक वनाउँदछ । यस अध्ययनको छनौटमा परेका सामुदायिक माध्यमिक विद्यालयहरुमा यस विधि प्रयोगमा न्युन रुपमा प्रयोग भएको पाइयो । प्रयोग गरिंदा पनि यसको पद्दती अनुसार प्रयोग गरिएको पाइएन । छलफलमा जान्ने विद्यार्थीहरुको प्रभाव परेको पाइयो । समुह निर्धारण, समय निर्धाण तथा निष्कर्ष जस्ता कुराहरुलाई उचित ध्यान दिएको पाइएन । विषयवस्तुको सन्वन्धमा विद्यार्थीहरु कुराकानी गर्ने तर धेरै विद्यार्थीहरु अन्उत्रै केन्द्रित हुने गरेको पाइयो । यसरी यो विधिलाई औपचारिक रुपमा तरिकाबद्ध रुपले प्रयोग गर्रिएको पाइएन ।

प्रदर्शन विधि

यस अन्तरगत विभिन्न विषयवस्तु अनुसारका चित्र, चार्ट, नक्सा, वृत्तचित्र, फिल्म आदिको प्रदर्शन गरेर विद्यार्थीहरुलाई त्यसको सारांश, मुख्य अंश निकाल्न लगाइने गरिन्छ । यसले विद्यार्थीको आन्तरिक क्षमता अभिबृद्धिमा प्रमुख भामिका खेल्दछ । यस अध्ययनको छनौटमा रहेका सामुदायिक माध्यमिक विद्यालयहरुमा यसको प्रयोग न्युन रहेको पाइयो । शिक्षकले नक्सा, ग्लोव प्रदर्शन गरेको पाइयो । तर प्रदर्शन गर्ने क्रममा शिक्षक स्वयंमा केन्द्रित गराइएको पाइयो । विद्यार्थीहरुलाई यस्ता सामग्रीको अध्ययन गर्न दिइएको पाइएन । साथै प्रदर्शित वस्तुहरुको अवलोकन गरेर त्यसबात दिइन

खोजिएका कुराहरु विद्यार्थी स्वयंले पत्ता लगाउने र नसकेमा शिक्षकले सहयोग गर्ने कार्य भएको पाइएन । केवल सामग्री देखाउने र शिक्षकले बताउने कार्य मात्र भएको पाइयो ।

छलफल विधि

विद्यार्थीले कुनै विषयवस्तुमा आधारित रहेर छलफल गरी निश्कर्ष निकाल्ने विधि यस विधि अन्तरगत पर्दछन् । यसले विद्यार्थीमा रहेका आन्तरिक क्षमताको अभिव्यक्त गर्ने सीपको विकास गराउँदछ । यस अध्ययनको छनौटमा परेका सामुदायिक विद्यालयहरुमा यसको प्रयोग न्युन रुपमा भएको पाइयो । विषयवस्तुको प्रस्तुती पछि समुहगत रुपमा विद्यार्थीहरुलाई विभाजन गरी विषयवस्तु माथि छलफल गराई निष्कर्ष निकाल्न पर्नेमा विद्यार्थीहरुलाई छलफलमा सहभागी गराइने तर निष्कर्ष ननिकालेको पाइयो । साथै शिक्षकले समय समयमा सहजिकरण गरेको पाइएन । यसरी छलफल गरिए पनि विद्यार्थीहरु आफूखुसी छलफल गर्ने र निष्कर्षमा समेत नपुग्ने गरेको पाइयो ।

शैक्षिक भ्रमण विधि

कुनैपनि स्थानमा प्रत्यक्ष उपस्थित भई त्यस स्थानको सम्पूर्ण पक्षको जानकारी लिई प्रतिवेदन समेत तयार पार्न सक्ने क्षमताको विकास गराउने विधि यस विधि अन्तरगत पर्दछ । सामाजिक विषयमा भर्म, संस्कृती, भौगोलिक अवस्था, रीतिरिवाज आदिको अध्ययन गर्न यस विधिको अत्यन्तै महत्व रहन्छ । यस अध्ययनको छनौटमा परेका विद्यालयहरुमा यस विधिको प्रयोग भएको तर मनोरञ्जनका लागि मात्र भएको पाइयो । भ्रमणमा पर्यटकीय स्थलहरुमा जाने तर त्यहाँको वस्तुस्थितीको टिपोट गरी प्रतिवेदनको रुपमा प्रस्तुती गरिएको पाइएन । साथै रमाइलो गर्नमानै भ्रमण सिमित रहेको पाइयो । भ्रमणबाट लिने जानकारी समेत लिएको पाइएन ।

लेखन विधि

कुनैपनि विषयवस्तुलाई शिक्षकले भन्ने र त्यसलाई विद्यार्थीले लेख्ने प्रकृयालाई यस विधिको रुपमा यहाँ राखिएको छ । यसले अप्ठ्यारा विषयहरुको सम्बन्धमा शिक्षकले खोजी गरी विद्यार्थीलाई लेखाउने गरिन्छ । यसले विद्यार्थीलाई सहज बनाउछ । यस अध्ययनका क्रममा छनौटमा परेका सामुदयिक विद्यालयहरुमा यस विधिको प्रयोग भएको पाइयो ।

४.१.३. प्रयोग भइरहेका शिक्षण विधिको समग्र अवस्था

यसरी सामाजिक अध्ययनका लागि प्रभावकारी शिक्षण विधि विषयको अध्ययनका क्रममा छनौटमा परेका सामुदायिक माध्यमिक विद्यालयहरुमा प्रयोगमा आइरहेका शिक्षण विधिहरु वढी मात्रामा शिक्षक केन्द्रित प्रयोगमा आइरहेको पाइयो । यस सम्वन्धमा शिक्षक, विद्यार्थी तथा प्रधानाध्यापक सँग छलफल गर्दा परम्परागत रुपमा रहेका विधिहरुनै सजिलो महसुस गरेर यसैको प्रयोग वढी भइरहेको वताइएको पाइयो । यसरी हेर्दा सामाजिक अध्ययनका लागि प्रभावकारी शिक्षण विधिको अध्ययनका क्रममा प्रयोग भइरहेका शिक्षण विधिलाई प्रतिशतका आधारमा निम्नानुसार राखिएको छ ।

तालिका नं. २

शिक्षण विधि प्रयोगको अवस्था

| क्र.स. | विद्यालयको नाम | शिक्षक केन्द्रित विधि | विद्यार्थी केन्द्रित विधि | अन्तरक्रिया विधि |
|---|---|---|---|---|
| १ | पूर्णस्मारक उमावि | ६५ | २२ | १३ |
| २ | सरस्वती उमावि | ७२ | १६ | १२ |
| ३ | नन्द मावि | ७० | १८ | १२ |
| औषत विधिको प्रयोग | | ६९ | १९ | १२ |

स्रोतः- स्थलगत अध्ययन २०६९ ।

माथिको तालिका नम्बर २ मा उल्लेख भएको तथ्याङ्क विद्यालयमा गएर कक्षा अवलोकनका क्रममा पाइएका शिक्षण विधिको प्रयोगको आधारमा लिइएको हो । छनौटमा परेका सवै विद्यालयहरुमा तीन/तीन पटक कक्षा अवलोकन गर्ने क्रममा सामाजिक विषय शिक्षण गर्ने विषय शिक्षकले कक्षा शिक्षणमा प्रयोग गरेका शिक्षण विधि अवलोकन गर्दा तीन पटकलाई कुल एक सय मानी कक्षामा शिक्षकले प्रयोग गरेका शिक्षण विधिलाई प्रतिशतमा लिइएको हो ।

यी माथी उल्लेख गरिएका छनौटमा परेका विद्यालयहरुमा प्रयोगमा आइरहेका शिक्षण विधिहरुले शिक्षण सिकाइ कार्यमा विद्यार्थी केन्द्रित विधिको रुपमा प्रयोग गरिए पनि शिक्षकनै  सक्रिय रहने गरेको पाइयो । विषय वस्तुको प्रस्तुतीकरण देखि कक्षाका सम्पूर्ण कार्यहरुमा विद्यार्थीको सक्रियताको  साटो शिक्षक एक्लै क्रियाशील रहने र उक्त कार्यमा विद्यार्थीहरु निष्कृय रहेको पाइयो । विषयवस्तुको प्रस्तुतीकरणमा विद्यार्थीहरु अन्यत्र केन्द्रित

रहेको समेत पाइयो । साथै विद्यार्थीको सकृयताको सन्दर्भमा पनि शिक्षकले ध्यान पूर्ण रुपमा दिन सकेको पाइएन । विद्यार्थी केन्द्रित विधिको प्रयोगको क्रममा विषयवस्तुको आधारमा शिक्षकले सहजकर्ताको रुपमा मात्र रहेर विद्यार्थीलाई पूर्णरुपमा क्रियाकलापमा सहभागी गराउने र निष्कर्षमा मात्र शिक्षकको सहजीकरण हुनुपर्नेमा त्यसो भएको पाइएन । त्यस्ते शैक्षिक सामग्रीहरुको प्रदर्शन गरिएपनि शिक्षकलेनै सवै क्रियाकलाप गरिदिने र विद्यार्थीहरु केवल शिक्षकले देखाएको हेर्ने र शिक्षकले भनेको सुन्ने कार्यमा रहेको पाइयो । शिक्षण कार्य गरेपछि विद्यार्थीहरुले सिके नसिकेको मुल्याङ्कन नगरिएको पाइयो ।

यसरी अध्ययनमा परेका विद्यालयहरुमा प्राप्त तथ्याङ्कलाई सम्बन्धित साहित्य सँग जोडेर हेर्दा पाविके (२०६२)का अनुसार विद्यार्थीहरुलाई सामाजिक तथा व्यवहारिक ज्ञान दिन क्षेत्रगत अध्ययन, अवलोकन समुदाय सँगको छलफल जस्ता कार्यमा सकृय गराउन पर्दछ । विद्यार्थीहरुलाई अतिरिक्त तथा सहकार्यकलापहरुमा सकृय गराइनुपर्दछ जसमा शिक्षकको अहम भूमिका रहन्छ । त्यसैगरी   विद्यार्थीहरुको निरन्तर मूल्याङ्कन प्रभावकारी सिकाइका लागि महत्वपूर्ण हुने कुरालाई यसले प्राथमिकता दिएको पाइन्छ । यसरीनै गुरुङ्ग(२०६८) का अनुसार रतनात्मक सिकाइले मात्र रचनात्मक बनाउन सक्दछ । सिकाइले पेशागत सीप मात्र नभएर व्यक्तित्व निर्माणलाई पनि महत्व दिनु पर्दछ । शिक्षकले शिक्षण गर्ने कार्यमा आलोचना, समालोचना सँगै अन्य क्रियाकलापहरुको समेत प्रयोग गर्नुपर्दछ । विद्यार्थीहरुलाई क्रियाशील बनाई शिक्षण गर्नुपर्दछ जसका लागि शिक्षकले विभिन्न विधिहरुको प्रयोग गर्नपर्दछ । यसैगरी श्रेष्ठ(२०५५)का अनुसार शिक्षण विधिलाई एउटा मार्गको रुपमा लिई शिक्षकले उद्देश्य प्राप्तिका लागि समय परिस्थिती अनुसार सुधार गर्दै लैजानुपर्दछ । सामाजिक शिक्षणलाई प्रभावकारी वनाउन छलफल, अभिनय, योजना, सोधखोज जस्ता विधिहरुको प्रयोगमा ध्यान दिनु पर्दछ । यसरी परम्परागत चिन्तनबाट हटेर आधुनिक विधि तथा प्रविधिहरुको छनौट गरी समय सापेक्ष रुपमा शिक्षण गर्नुपर्दछ । माथिको साहित्य सँग छनौटमा परेका विद्यालयहरुका शिक्षण कार्यलाई जोडेर हेर्दा प्रभावकारी शिक्षण विधिको प्रयोग भएको पाइन्न ।

यसैगरी शैद्धान्तिक रुपमा हेर्दा क्राउडर (सन् १९५०)का अनुसार विद्यार्थीले ज्ञान प्राप्त गर्ने एउटै मात्र बाटो हुँदैन । सिकाइमा धेरै विकल्पहरु हुन्छन् । उपयोगी कुनैपनि विकल्प रोज्न सकिन्छ । सिकारुले तुरुन्त पृष्ठपोषण लिन सके गल्ति सुधार गर्ने मौका मिल्दछ जसले सिकाइलाई प्रभावकारी बनाउछ । त्यसैले विखण्डित कार्यक्रम अनुसार सिकाय गर्न आवश्यक हुन्छ । हिल्डातावा(सन १९५६) का अनुसार शिक्षण

क्रियाकलाप गर्दा विद्यार्थीलाई सकृय बनाई शिक्षण गर्नुपर्दछ । विद्यार्थीह्रुले जुन समस्याको सामाधान आफै सहभागी भएर गर्दछन् त्यही कुरा सिक्दछन् । आजको सन्दर्भमा सबैलाई समान सिकाइ उपलब्धि हासिल हुने शिक्षण विधि अपनाएर शिक्षण गर्न आवश्यक देखिन्छ । त्यसैगरी स्किनर (सन् १९३१) का अनुसार सिकाइमा सकारात्मक पुनर्वलले प्रभाव पार्दछ । शिक्षकले शिक्षण कार्य गर्दा यस कार्यलाई पनि ध्यान दिन आवश्यक हुन्छ । शिक्षक सँधै सकृय, सचेत,जागरुक र आफ्नो प्रभावकारी शिक्षणमा सफल हुनका लागि पाठलाई  साना साना एकाइमा विभाजन गरी सकृ रुपमा सिकारु समक्ष प्रस्तुत गरिनुपर्दछ । यी सिद्धान्त सँग छनौटमा परेका विद्यालयहरुको शिक्षण कार्यलाई जोडेर हेर्दा शिक्षण सिकाइ कार्य केवल औपचारिकता पूरा गर्ने कार्य मात्र भएको पाइयो ।

यस अध्ययनका क्रममा छनौटमा परेका विद्यालयहरुमा प्रयोग भइरहेका शिक्षण विधिहरुको अध्ययन गर्ने क्रममा पाइएका सन्दर्भलाई सम्बन्धित साहित्यसँग दाँजेर हेर्दा  व्यवहारिक शिक्षण भएको मान्न सकिन्न । त्यस्तै माथी उल्लेखित सिद्धान्तहरु सँग पनि मेल खाएको पाइन्न । यसले के देखाउँछ भने हाम्रा सामुदायिक विद्यालयहरुमा सामाजिक अध्ययन विषयका लागि उपयुक्त हुने शिक्षण विधिको पहिचान हुननै सकेको छैन । प्रयोगमा ल्याइएका विधिहरु पनि प्रयोगको दृष्टिले व्यवहारिक रहेको पाइन्न । जेनतेन कक्षा चलाउने हिसावले मात्र प्रयोगमा आएको पाइन्छ ।  त्यसैगरी विद्यार्थीलाई प्रभावकारी शिक्षण गर्न प्रयोगमा ल्याउनुपर्ने शैक्षिक सामग्रीहरु प्रयोग भएका छैनन् । विद्यार्थीहरुले सिक्ने उपयुक्त अवसर र वातावराण पाउन सकेका छैनन् । परम्परागत शैलीकै शिक्षण कार्यको अहिले सम्म प्रभाव रहिआएको छ । विद्यार्थीको निरन्तर मुल्याङ्कन गर्ने, पृष्ठपोषण दिने आधुनिक शैक्षिक विधि तथा प्रविधिहरुको खोजी गरी व्यवहारमा ल्याउन सकिएको छैन । यस्ता कारणले सामाजिक अध्ययन जस्ता विषयमा विद्यार्थीहरुले प्राप्त गर्नुपर्ने व्यवहासिरक ज्ञान, सीप र धारणा प्राप्त गर्न सकिरहेका छैनन् ।

### ४.२ सामाजिक अध्ययनका लागि प्रभावकारी हुने शिक्षण विधि

यस सामाजिक अध्ययनका लागि प्रभावकारी शिक्षण विधि विषयको अध्ययनका क्रममा छनौटमा परेका सामुदायिक माध्यमिक विद्यालयहरुको अध्ययन गर्ने क्रमममा पाइएका प्रयोगमा आएका विभिन्न विधिहरुको विश्लेषण गर्दा अझै पनि विद्यालयहरुमा उपयुक्त विधिको प्रयोग भएको पाइएन । विद्यालयहरुमा परम्परागत शिक्षण प्रकृयाकै वाहुल्यता रहेको पाइयो । अध्ययनका क्रममा

सरोकारवालाहरु सँगको परामर्शमा हाल विद्यालयमा प्रयेगमा आइरहेको विधिहरुको अलावा निम्न शिक्षण विधिहरु सामाजिक अध्ययन विषयका लागि उपयुक्त हुने पाइयो ।

क्षेत्र भ्रमण विधि

क्षेत्रभ्रमण विधि विषयवस्तु अनुसार मिल्ने क्षेत्रमानै विद्यार्थीहरुलाई लगी गरिने विधिको रुपमा रहेको विधि हो । यसमा विद्यार्थीहरुलाई तोकिएको विषयवस्तुको आधारमा निर्धारित उद्देश्यहरुको जानकारी गराई सो अनुसारको विषयमा स्वयं विद्यार्थीहरुलाई सोधखोज तथा उद्देश्य प्राप्तिमा सक्रिय गराएर अन्तमा उद्देश्य पुरा भए नभएको लेखाजोखा गरिन्छ र पुरा नभएमा पुनः क्रियाकलापमा सकृय गराइन्छ । यसले विद्यार्थीहरुमा स्वयं सकृय हुन बाध्य बनाउदछ । जसका कारण सिकाइ दिगो र प्रभावकारी हुन्छ । शिक्षक सहयोगीको भूमिकामा मात्र रहने भएकाले समस्या आएमा मात्र उसको भूमिका रहन्छ । साथै निरन्तर निगरानी भने गर्दछ । त्यसैले क्रियाकलाप भरी विदार्थीहरुको सकृयता रहन्छ । अध्ययनका क्रममा यो विधि प्रभावकारी हुने सम्बधमा छनौटमा परेका विद्यालयहरका निम्न व्यक्तिहरको समेत सकारात्मक धारणा रहेको पाइयो । जसलाई तालिकामा निम्नानसुसार देखाइएको छ ।

तालिका नं. ३

क्षेत्र भ्रमण विधि सम्बन्धी सरोकारवालाहरुको धारणा

| विद्यालयको नाम | उत्तरदाता | | |
|---|---|---|---|
| | प्र.अ. | शिक्षक | स्रो.व्य. |
| पूर्णस्मारक उमावि | विद्यार्थीले प्रत्यक्ष अवलोकन गर्न पाउने । | सम्बन्धि स्थानको अवलोकन गर्न पाउने । | विद्यार्थीलेनै स्वयं जानकारी लिन सक्ने । |
| सरस्वती उमावि | वस्तविक जानकारी विद्यार्थीले पाउने । | स्वयं उपस्थित हुँदा दिगो सिक्ने । | विद्यार्थी सकृय रहने । |
| नन्द मावि | विद्यार्थीनै पुग्ने भएकोले यथार्थ जान्ने । | शिक्षकलाई सहज हुने । | वस्तविक सिकाइ हुने । |

स्रोतः- स्थलगत अध्ययन २०६९ ।

माथि तालिका नम्बर ३ मा उल्लेख भए अनुसार सामाजिक अध्ययन शिक्षणका लागि क्षेत्रभ्रमण विधि उपयुक्त हुने पाइयो । विषयवस्तु अनुसारको स्थानमा विद्यार्थीहरुलाई उपस्थित गराएर विषयवस्तुले तोकेको उद्देश्य पुरा हुने खालका सन्दर्भहरु सँग स्वयं विद्यार्थीलाई जानकारी लिने कार्यमा अग्रसर गराए तोकिएको उद्देश्य प्रभवकारी रुपाम पुरा हुनका साथै दिगो समेत हुने पाइयो । यसका साथै यस विधिमा शिक्षक सहजकर्ताको रुपमा रहने, समस्या परेको समयमा शिक्षकले सहयोग गर्ने, सिकाइ उपलब्धि पुरा भए नभएको मुल्याङ्कन गर्ने र पुरा नभएमा पुनः त्रियाकलाप गराउने भएकोले तत्काल पृष्ठपोषण सहितको सिकाइ हुने पाइयो ।

छलफल विधि

यस विधिमा तोकिएको विषयवस्तुलाई विद्यार्थीहरुको समुह बनाएर समुह समुहमा छलफल गर्न लगाइन्छ । छलफल पछि आएको निष्कर्ष विषयवस्तुबाट प्राप्त हुने उपलब्धि अनुसार भए नभएको पहिचान गरी यदि नभएमा पुनः छलफल गराएर निष्कर्ष निकालिन्छ । यो विधि सामाजिक अध्ययन विषयका लागि उपयुक्त रहने देखिन्छ । सामाजिक विषय व्यवहारिक विषय भएकाले समाजमा भए गरेका र हुने गरेका गतिविधिहरु, धर्म संस्कृती, रि्तिरिवाज,परम्परा जस्ता कुराहरुको सम्बन्धमा आ-आफ्नो समुदायको अनुभवहरु आदानप्रदान गर्नपर्ने भएकाले पनि यो विधि उपयुक्त रहन्छ । यसमा शिक्षकले छलफलमा सहभागी विद्यार्थीहरुको निगरानी गर्दछन् । विषयान्तर भएमा विषयमा ल्याउने गर्दछन् । साथै छलफलका क्रममा आउने समस्याहरुको समाधान गर्दछन् । छलफलका क्रममा सहभागीहरुलाई सही निष्कर्षमा पुग्न सहयोग मात्र गर्दछन् । यस विधि सामाजिक अध्ययन विषयका लागि उपयुक्त हुने सन्दर्भमा छनौटमा परेका विद्यालयका सरोकारवालाहरुले दिएको सुझाव यस्तो पाइयो ।

तालिका नं. ४

छलफल विधि सम्बन्धी सरोकारवालाहरुको धारणा

| विद्यालयको नाम | उत्तरदाता | | |
|---|---|---|---|
| | प्र.अ./शिक्षक | अभिभावक | वि.नि. |
| पूर्णस्मारक उमावि | विद्यार्थीले प्रत्यक्ष छलफल गर्ने भएकाले उत्साही भएर सिक्ने । | सम्बन्धि विषयमा आफ्नो धारणा राखी सहि भए नभएको जानकारी लिन सक्ने । | विद्यार्थी सकृय रही विषयवस्तुको विश्लेषण गरी निष्कर्ष निकाल्नाले दिगो सिकाइ हुने । |
| सरस्वती उमावि | विद्यार्थीको प्रत्यक्ष संलग्नताका कारण प्रभावकारी सिकाइ हुने । | विद्यार्थीको विचार समावेश हुनेभएकाले दिगो सिकाइ हुने । | विद्यार्थी सकृय रहने । |
| नन्द मावि | विद्यार्थीको पूर्ण सहभागिता हुने भएकोले यथार्थ जान्ने । | विद्यार्थीको अनुभव समेटिने । | वस्तविक सिकाइ हुने । |

स्रोतः- स्थलगत अध्ययन २०६९ ।

तालिका नम्बर ४ अनुसार प्राप्त त्थ्याङ्कले ताकिएको नियमानुसार छलफल विधिको प्रयोगले सामाजिक अध्ययन विषयको शिक्षण प्रभावकारी हुने पाइयो । हाल विद्यालयहरुमा छलफल विधिको प्रयोग भए पनि तोकिएको विधि अनुसार प्रयोगमा आएको पाइएन । त्यसैले विधिअनुसार यो विधि प्रयोगले सामाजिक अध्ययन शिक्षणलाई प्रभावकारी बनाउने देखिन्छ ।

क्रियाकलाप विधि

सामाजिक विषय एक व्यवहारिक र सामाजिक गतिविधिको सकारात्मक विकास गराउने समेत विषय भएकोले यस विषयमा विद्यार्थीहरुलाई सामाजिक परम्परा, रितिथिती, स्थानीय पर्व, उत्सव आदिको समेत जानकारी गराउन आवश्यक हुन्छ । यस्ता कुराहरुको जानकारी गराउन पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकामा उल्लेख गरिएको क्रियाकलाप अनुसारको शिक्षण गर्न प्रभावकारी हुन्छ । पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकामा समेत हरेक एकाइमा विद्यार्थीहरुलाई गराउनुपर्ने क्रियाकलापहरु उल्लेख गरिएकोछ । यसैको निर्देशन अनुसार स्थानीय समुदायमा लगेर सहभागी गराउने, विभिन्न गतिविधिहरुमा विद्यार्थीहरुलाई सहभागी गराउने, विकास निर्माण, प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षणमा सहभागिता गराउने जस्ता क्रियाकलापहरु गराउने

कार्य यस विधि अन्तरगत पर्दछन् । यस अध्ययनका क्रममा छनौटमा परेका विद्यालयहरुमा गई अध्ययन गर्ने क्रममा सरोकारवालाहरुले यस विधिको प्रयोगको सम्बन्धमा निम्न प्रतिक्रिया दिएका थिए ।

तालिका नं. ५

क्रियाकलाप विधि सम्बन्धी सरोकारवालाहरुको धारणा

| विद्यालयको नाम | उत्तरदाता | | |
|---|---|---|---|
| | प्र.अ. ⁄ शिक्षक | अभिभावक | वि.नि. ⁄ स्रो.व्य. |
| पूर्णस्मारक उमावि | विद्यार्थीले प्रत्यक्ष अवलोकन गरेर सिक्छन् । | गाउँ समाज, समुदाय सँग नजिक भएर व्यवहारिक कुराहरु सिक्दछन् । | समाजिक गतिविधिहरुको प्रत्यक्ष अवलोकन गर्ने भएकोले प्रभावकारी सिकाइ हुन्छ । |
| सरस्वती उमावि | विद्यार्थी सामाजिक व्यवहार प्रति नजिक भएर सिक्दछ । | विद्यार्थीहरुको सिकाइ व्यवहारिक हुन्छ । | विद्यार्थी सकृय भइ सिक्दछ । |
| नन्द मावि | सहभागिता मुलक सिकाइ हुन्छ । | विद्यार्थीको प्रत्यक्ष सिकाइ हुन्छ । | वस्तविक सिकाइ हुने । |

स्रोतः- स्थलगत अध्ययन २०६९ ।

माथिको तालिका नम्बर ५मा प्राप्त प्रतिक्रिया अनुसार यस क्रियाकलाप विधिबाट शिक्षण गर्दा विद्यार्थीहरुले प्रत्यक्ष रुपमा सामाजिक गतिविधि तथा क्रियाकलापहरुमा संलग्न भइ सिक्ने अवसर पाउने भएकोले दिगो सिकाइ हुने गर्दछ । साथै विद्यार्थीहरु कक्षा कोठाको अलावा पनि सिक्न जाने भएकोले सिकाइ पृथक र प्रभावकारी हुन्छ । स्थानीय समुदायका व्यक्तिहरु सँगको अन्तरक्रिया तथा प्रत्यक्ष अवलोकनका कारण सिकाई दिगो समेत हुने गर्दछ ।

### समस्या समाधान विधि

यो विधि शिक्षण सिकाइको सन्दर्भमा विद्यार्थीलाई सकृय वनाउने विधि हो । यसमा विषयवस्तु अनुसारको समस्या दिएर त्यसका समाधानका लागि अभ्यास गराइन्छ । समुहमा विद्यार्थीलाई बाँडेर सामुहिक रुपमा समस्याकौ विश्लैषण गराई समाधान गराइन्छ । यसरी समस्या समाधान गर्ने क्रममा विद्यार्थीले आफ्नै सकृयतामा सिकाइ उपलब्धि प्राप्त गर्दछन् । समाधानमा अलमल भएमा शिक्षकले

सहयोग गर्नुपर्दछ । विद्यार्थीहरु स्वयं छलफल गरेर निचोड निकाल्ने भएकाले प्रभावकारी र दिगो सिकाइ हुन्छ । साथै सामुहिक भावनाको विकास पनि हुन्छ ।

तालिका नं. ६

समस्या समाधान विधि सम्बन्धी सरोकारवालाहरुको धारणा

| विद्यालयको नाम | उत्तरदाता | | |
|---|---|---|---|
| | प्र.अ./शिक्षक | अभिभावक/विद्यार्थी | वि.नि./स्रो.व्य. |
| पूर्णस्मारक उमावि | विद्यार्थीले प्रत्यक्ष छलफल गरेर सिक्छन् । | विषयवस्तु सँग नजिक भएर आफै सिक्दछन् । | विद्यार्थीहरुको सिर्जनात्मक विकास हुन्छ । |
| सरस्वती उमावि | विद्यार्थीमा तार्किक क्षमताको विकास हुन्छ । | विद्यार्थीहरुको सिकाइ व्यवहारिक हुन्छ । | विद्यार्थी सकृय भइ सिक्दछ । |
| नन्द मावि | सहभागिता मुलक सिकाइ हुन्छ । | विद्यार्थीको प्रत्यक्ष सिकाइ हुन्छ । | वस्तविक सिकाइ हुने । |

स्रोतः- स्थलगत अध्ययन २०६९ ।

माथिको तालिका नम्बर ६ मा प्राप्त प्रतिक्रिया अनुसार यस समस्या समाधान विधिबाट शिक्षण गर्दा विद्यार्थीहरुले प्रत्यक्ष रुपमा आफै छलफल गरी विषयवस्तुलाई राम्ररी वुझ्ने अवसार पाउँदछन् । विषयवस्तुको सम्बन्धमा सामुहिक छलफल गरेर निष्कर्ष निकाल्न विद्यार्थीनै सकृय रहने भएकोले सिकाइ उद्देश्यमुलक र उत्साहबर्दक हुन्छ । साथै विद्यार्थीहरु आफैले सिकेको सम्झेर आत्मविश्वासी समेत बन्न पुग्दछन् ।

योजना विधि

योजना विधि प्रयोगात्मक पद्धतीमा आधारित विधि हो । यसमा विद्यार्थीहरु कुनै शैक्षिक उद्देश्यवाट अभिप्रेरित भएर वौद्धिक र शारिरिक क्षमताको प्रदर्शन गर्दछन् । यसले विद्यार्थीहरुलाई केवल किताबी ज्ञानबाट अलग गराई सकृय अध्यासवाट सिकाइ गराउन जोड दिइन्छ । यसमा विभिन्न चरणहरु अपनाइन्छ । परिस्थिती उत्पन्न गर्नु पहिलो चरण हो । यसमा शिक्षकले विद्यार्थीसँगै रहेर विषयवस्तुलाई प्रस्तुत गर्दछ । यसपछि कसरी गर्ने भन्ने योजना तयार गरिन्छ । उद्देश्य निर्धारण गरी कार्यक्रम तयार गरेपछि कार्यक्रम सञ्चालन पछि योजना पुरा भएको मानिन्छ । यसरी योजना पुरा भएपछि आशातित उपलब्धि पुरा भए नभएको मुल्याङ्कन समेत गरी पुनः योजना गर्ने समेत कार्य यस

विधिमा गरिन्छ । यसले विद्यार्थीहरुले किताव कण्ठ गर्ने कार्यको निरुत्साहित गर्दछ । सामाजिक विषयको नक्सा कार्य, स्तंभचित्र, वृत्तचित्र, ग्राफ, समयरेखा आदि जस्ता विषयवस्तुमा यो विधि अत्यन्तै प्रभावकारी हुन्छ ।

तालिका नं. ७

योजना विधि सम्बन्धी सरोकारवालाहरुको धारणा

| विद्यालयको नाम | उत्तरदाता | | |
|---|---|---|---|
| | प्र.अ. ⁄ शिक्षक | अभिभावक ⁄ विद्यार्थी | वि.नि. ⁄ स्रो.व्य. |
| पूर्णस्मारक उमावि | विद्यार्थीले प्रत्यक्ष कार्यमा सहभागी भएर सिक्छन् । | विषयवस्तु सँग नजिक भएर आफै गरेर सिक्छन् । | विद्यार्थीहरुको सिर्जनात्मक विकास हुन्छ । |
| सरस्वती उमावि | विद्यार्थीमा अभ्यास गर्ने वानीको विकास हुन्छ । | विद्यार्थीहरुको सिकाइ व्यवहारिक हुन्छ । | विद्यार्थी सकृय भइ सिक्दछ । |
| नन्द मावि | नक्साकार्य, स्थान पत्ता लगाउने जस्तामा प्रभावकारी हुन्छ । | विद्यार्थीको प्रत्यक्ष सिकाइ हुन्छ । | नक्सा,स्तंभ,वृत्त,ग्राफ चित्रमा प्रभावकारी हुन्छ । |

स्रोतः- स्थलगत अध्ययन २०६९ ।

माथिको तालिका नम्बर ७ मा प्राप्त प्रतिक्रिया अनुसार यस योजना विधिबाट शिक्षण गर्दा विद्यार्थीहरुले आफै अभ्यासमा सकृय रही व्यवहारमा प्रयोग समेत गरेर सिक्ने गर्दछन् । विशेष गरी सामाविक विषय अन्तरगत, नक्सा कार्य, स्तंभचित्र, रेखाचित्र, वृत्तचित्र, ग्राफ, स्थान पत्तालगाउने जस्ता विषयवस्तुहरुमा सिकाइ यस विधिबाट सिकाइ प्रभावकारी हुन्छ ।

माथि उल्लेख गरिएका विधिहरुको प्रयोगको सन्दर्भमा पूर्वसाहित्य तथा सिद्धान्त सँग जोडेर हेर्दा सामाजिक अध्ययन विषय शिक्षण कार्यमा प्रभावकारी विधिको रुपमा रहेको पाउन सकिन्छ । पूर्वसाहित्यलाई हेर्दा पाविके(२०६२)का अनुसार विद्यार्थीहरुलाई सामाजिक तथा व्यवहारिक ज्ञान दिन क्षेत्रगत अध्ययन, अवलोकन समुदाय सँगको छलफल जस्ता कार्यमा सकृय गराउन पर्दछ । विद्यार्थीहरुलाई अतिरिक्त तथा सहकार्यकलापहरुमा सकृय गराइनुपर्दछ जसमा शिक्षकको अहम भूमिका रहन्छ । त्यसैगरी विद्यार्थीहरुको निरन्तर मूल्याङ्कन प्रभावकारी सिकाइका लागि महत्वपूर्ण हुने कुरालाई यसले प्राथमिकता दिएको पाइन्छ ।

यसरीनै गुरुङ्ग(२०६८) का अनुसार रचनात्मक सिकाइले मात्र रचनात्मक बनाउन सक्दछ । सिकाइले पेशागत सीप मात्र नभएर व्यक्तित्व निर्माणलाई पनि महत्व दिनु पर्दछ । शिक्षकले शिक्षण गर्ने कार्यमा आलोचना, समालोचना सँगै अन्य क्रियाकलापहरुको समेत प्रयोग गर्नुपर्दछ । विद्यार्थीहरुलाई क्रियाशील बनाई शिक्षण गर्नुपर्दछ जसका लागि शिक्षकले विभिन्न विधिहरुको प्रयोग गर्नपर्दछ । यसैगरी श्रेष्ठ(२०५५)का अनुसार शिक्षण विधिलाई एउटा मार्गको रुपमा लिई शिक्षकले उद्देश्य प्राप्तिका लागि समय परिस्थिती अनुसार सुधार गर्दै लैजानुपर्दछ । सामाजिक शिक्षणलाई प्रभावकारी वनाउन छलफल, अभिनय, योजना, सोधखोज जस्ता विधिहरुको प्रयोगमा ध्यान दिनु पर्दछ । यसरी परम्परागत चिन्तनबाट हटेर आधुनिक विधि तथा प्रविधिहरुको छनौट गरी समय सापेक्ष रुपमा शिक्षण गर्नुपर्दछ । माथिको साहित्य सँग छनौटमा परेका विद्यालयहरुको अध्ययन गर्ने कार्यमा सामाजिक अध्ययन विषय शिक्षणका लागि प्रभावकारी हुने विधिको रुपमा पत्ता लगाइएका माथिका विधिहरु मेल खाने पाइन्छ ।

यसैगरी शैद्धान्तिक रुपमा हेर्दा क्राउडर(सन् १९५०)का अनुसार विद्यार्थीले ज्ञान प्राप्त गर्ने एउटै मात्र बाटो हुँदैन । सिकाइमा धेरै विकल्पहरु हुन्छन् । उपयोगी कुनैपनि विकल्प रोज्न सकिन्छ । सिकारुले तुरुन्त पृष्ठपोषण लिन सके गल्ति सुधार गर्ने मौका मिल्दछ जसले सिकाइलाई प्रभावकारी बनाउछ । त्यसैले विखण्डित कार्यक्रम अनुसार सिकाय गर्न आवश्यक हुन्छ । हिल्डातावा(सन् १९५६) का अनुसार शिक्षण क्रियाकलाप गर्दा विद्यार्थीलाई सकृय बनाई शिक्षण गर्नुपर्दछ । विद्यार्थीह्नरुले जुन समस्याको सामाधान आफै सहभागी भएर गर्दछन् त्यही कुरा सिक्दछन् । आजको सन्दर्भमा सबैलाई समान सिकाइ उपलब्धि हासिल हुने शिक्षण विधि अपनाएर शिक्षण गर्न आवश्यक देखिन्छ । त्यसैगरी स्किनर (सन् १९३१) का अनुसार सिकाइमा सकारात्मक पुनर्वलले प्रभाव पार्दछ । शिक्षकले शिक्षण कार्य गर्दा यस कार्यलाई पनि ध्यान दिन आवश्यक हुन्छ । शिक्षक सँधै सकृय, सचेत,जागरुक र आफ्नो प्रभावकारी शिक्षणमा सफल हुनका लागि पाठलाई  साना साना एकाइमा विभाजन गरी सकृ रुपमा सिकारु समक्ष प्रस्तुत गरिनुपर्दछ । यी सिद्धान्त सँग पत्ता लगाइएका सामाजिक अध्ययन विषयको प्रभावकारी शिक्षण विधिलाई जोडेर हेर्दा शिक्षण सिकाइ प्रभावकारी र व्यवहारिक हुने देखिन्छ ।

यस अध्ययनका क्रममा छनौटमा परेका विद्यालयहरुमा सामाजिक अध्ययन विषय शिक्षणमा प्रभावकारी हुने विधिको खोजी गर्ने क्रममा पत्ता लगाइएका प्रभावकारी विधिहरु र यसको प्रयोगको सन्दर्भलाई सम्बन्धित साहित्यसँग दाँजेर हेर्दा  व्यवहारिक शिक्षण हुने देखिन्छ  । त्यस्तै माथी उल्लेखित

सिद्धान्तहरु सँग पनि मेल खाएको पाइन्छ। यसले के देखाउँछ भने हाम्रा सामुदायिक विद्यालयहरुमा सामाजिक अध्ययन विषयका लागि उपयुक्त हुने शिक्षण विधिको पहिचान हुननै सकेको छैन। प्रयोगमा ल्याइएका विधिहरु पनि प्रयोगको दृष्टिले व्यवहारिक रहेको पाइन्न। त्यसैले वर्तमान अवस्थामा सामाजिक विषयमा विद्यार्थीहरुले राम्रो उपलब्धि प्राप्त गर्न सकिरहेका छैनन्। त्यसकारण माथी पत्ता लगाइएका विधिहरुको प्रयोग गरी शिक्षण गरेमा ताकिएको उद्देश्य पुरा गर्न र व्यवहारिक एवं प्रभावकारी सिकाइ गर्न सफल हुने देखिन्छ।

### ४.३ सामाजिक विषय शिक्षणमा देखिएका कमि कमजोरीहरु

सामाजिक विषय सरसर्ती हेर्दा सामान्य विषयको रुपमा रहेको भएपनि यो विषय एकिकृत विषयको रुपमा रहेकाले शिषण गर्दा अत्यन्त सावधानी तथा विधिन्न प्रभावकारी विधिहरुको छनौट गरी पर्याप्त मात्रामा शैक्षिक सामग्रीहरुको प्रयोग गर्न आवश्यक छ। बर्तमान अवस्थामा प्रवेशिका परीक्षामा अनुतिर्ण नहुने विषयको रुपमा यस विषय रहेको भएपनि उत्साह जनक अङ्क ल्याउने विद्यार्थीहरु कमै रहेको पाइन्छ। विद्यार्थी केन्द्रित तथा क्रियाकलापमुखी शिक्षण विधिहरु अत्याधिक मात्रामा प्रयोगमा ल्याउन नसके यो विषय जटिल विषयकै रुपमा रहेको छ। यस सामाजिक अध्ययनका लागि प्रभावकारी हुने शिक्षण विधि वषयमा अध्ययन गर्ने क्रममा छनौटमा परेका इलाम जिल्लाका लक्ष्मिपुर स्रोतकेन्द्र अन्तरगतका सामुदायिक माध्यमिक विद्यालयहरुमा अध्ययन गर्ने क्रममा विद्यालयमा गरिएको अवलोकन, विभिन्न व्यक्तिहरुसँगको अन्तरक्रिया, छलफलछ,अन्तरवार्ता आदिबाट सामाजिक शिक्षणमा देखिएका समस्याहरुलाई निम्नानुसार औंल्याइएको पाइयो।

#### ४.३.१. विद्यालयहरुमा शैक्षिक सामग्रीको अभाव

सामाजिक विषयका लागि उपयुक्त हुने शैक्षिक सामग्रीहरु पर्याप्त मात्रामा विद्यालयहरुमा उपलब्ध छैनन्। भएका शैक्षिक सामग्रीहरुको पनि अधिकतम प्रयोग हुन सकिरहेको छैन। यसका कारण विद्यालयहरुमा विद्यार्थीहरुले प्रभावकारी रुपमा सिक्न सकेको पाइएन।

#### ४.३.२. परम्परागत शिक्षण

सामाजिक अध्ययन विषयको शिक्षण कार्य परम्परागत रुपमा रहेको शैक्षिक प्रणालीको हावी रहेकाले विद्यार्थी केन्द्रित तथा अन्तरक्रियात्मक विधिको प्रयोग कम भइरहेको छ। यसले गर्दा शिक्षक मात्र

सकृय रहने र विद्यार्थी निष्कृय रहने भएकाले सिकाई प्रभावकारी हुन नसकेको पाइयो ।

४.३.३. स्रोत साधनको र आवश्यक शिक्षण सीपको अभाव

सञ्चालन गर्न स्रोत तथा सामग्रीको अभाव हुनका साथै तालिममा सिकेका सीपलाई शिक्षकले पूर्णरुपमा कक्षामा प्रयोगमा नल्याइंदा विद्यार्थी नियमित तथा सकृय भएका छैनन् । यसैगरी स्थानीय परिवेश पनि यस विषयका विषयवस्तुहुन सक्छन् भन्ने धारणाको कमि हुनु, विद्यार्थीको निरन्तर मुल्याङ्कन गरी सुधारात्मक शिक्षणको अभाव हुनु र विद्यालयहरुमा शिक्षकहरु वीच शिक्षण विधि तथा प्रक्रिया सम्त्रन्धमा परामर्श, छलफल, अन्तरक्रिया नहुनु पनि सामाजिक अध्ययन शिक्षणका समस्याका रुपमा रहेका छन् ।

४.३.४ निरीक्षण तथा अनुगमनको अभाव

विद्यालयहरुमा भइरहेको शिक्षण सिकाइ कार्यको नियामित रुपमा निरीक्षण तथा अनुगमन भएको पाइएन । जसका कारण कक्षामा प्रयोग भइरहेका शिक्षण विधिहरु, शैक्षिक सामग्रीको प्रयोगको अवस्था र सिकाइमा पर्ने प्रभावको सन्दर्भमा स्वयं शिक्षकहरु अन्यौलमा रहेको पाइयो ।

४.४ सामाजिक विषय शिक्षणमा देखिएका कमि कमजोरीहरु समाधान गर्ने उपायहरु

प्रभावकारी शिक्षण विधिको प्रयोगले मात्र सिकाइ उपलब्धिमा बृद्धि गरी पाठ्यक्रमले तोकेका उद्देश्यहरु पुरा हुन सक्दछन् । त्यसैले विषय अनुसारका उपयुक्त शिक्षण विधि अवलम्बन गरेर शिक्षणलाई प्रभावकारी बनाउन सकिन्छ । यसका निम्ति विद्यालय, प्रधानाध्यापक, शिक्षक, अभिभावक, विव्यस, विद्यार्थी, स्रोतव्यक्ति, विनि सबैको दायित्व रहेको हुन्छ । प्रभावकारी शिक्षण विधिको माध्यमबाट शिषण गर्दा विद्यार्थीहरु सिकाइमा सक्रिय रहने भएकाले सही सिकाई हुन सक्दछ । यस सामाविक अध्ययनका लागि प्रभवकारी शिक्षण विधिको अध्ययन गर्ने क्रममा छनौटमा परेका सामुदायिक माध्यमिक विद्यालयहरुको अध्ययन गर्ने क्रममा बर्तमान अवस्थामा सामाजिक अध्ययनमा प्रभावकारी शिक्षण विधिका लागि रहेका समस्या समाधानका लागि सम्बन्धि व्यक्तिहरुले निम्न उपायहरु सुझाएका छन् :-

### ४.४.१ निरन्तर अनुगमन तथा सुपरिवेक्षण गरिनुपर्ने

विद्यालयको शिक्षण सिकाइमा प्रत्यक्ष संलग्न रहने प्रधानाध्यापक तथा शिक्षकहरु हुन् । विद्यालयमा प्रयोग हुने शिक्षण विधिका सम्बन्धमा के कस्ता समस्याहरु छन् र तीनलाई कसरी समाधान गर्न सकिन्छ भन्ने सम्बन्धमा छनौटमा परेका लक्ष्मिपुर स्रोतकेन्द्रमा रहेका नन्द माविका प्रधानाध्यापक, जिल्ला शिक्षा कार्यालयबाट निरन्तर सुपरिवेक्षण गरी शिक्षकहरुलाई पृष्ठपोषण दिनुपर्ने, समयमा नै विद्यालयहरुमा शिषक निर्देशिका, पाठ्यपुस्तक, पाठ्यक्रमहरु उपलब्ध गराइनुपर्ने, शिक्षण विधि प्रयोगका सम्बन्धमा समय समयमा स्रोतकेन्द्र तथा जिल्ला स्तरमा अन्तरक्रियाहरु सञ्चालन गरिनुपर्ने बताउँछन् ।

### ४.४.२ समयानुकल शिक्षण तालिमको व्यवस्था गरिनुपर्ने

यसै सन्दर्भमा छनौटमा शिक्षकका अनुसार सामाजिक विषय शिक्षणमा देखिएका समस्याहरु समाधान गर्ने सम्बन्धमा शिक्षकलाई समय समयमा तालिमको व्यवस्था गरी नयाँ नयाँ विधिहरुको अध्यावधिक गराइनु पर्ने, विद्यालयहरुलाई स्रोत साधन सम्पन्न वनाई आवश्यक भौतिक व्यवस्थापन तथा शैक्षिक सामग्रीहरुको व्यवस्थापन गरिनुपर्ने, आवश्यक पर्ने अवलोकन, शैक्षिक भ्रमण, भूमिका निर्वाह विधिहरुको प्रयोगका लागि स्रोत साधन सम्पन्न गरिनुपर्ने र सम्बन्धित निकायबाट समय समयमा अवलोकन गरी शिक्षकहरुलाई पुरस्कार तथा दण्डको व्यास्था गरिनुपर्ने बताउनुहुन्छ ।

### ४.४.३ आवश्यक स्रोत साधनको व्यवस्था गरिनुपर्ने

विद्यालयमा आवश्यक पर्ने विषयगत शैक्षिक सामग्रीहरुको व्यवस्थापनका लागि आवश्यक पर्ने स्रोत साधनहरु स्वयं विद्यालय, शिक्षकले व्यवस्थापन गर्न आवश्यक देखिन्छ भने यसका लागि सम्बन्धित निकायहरु स्रोतकेन्द्र, जिल्ला शिक्षा कार्यालयबाट थप व्यवस्थापन गर्न अनवश्यक देखिन्छ ।

### ४.४.४ विद्यार्थी केन्द्रित तथा अन्तरक्रियात्मक विधिको प्रयोगमा वृद्धि गरिनुपर्ने

शिक्षक केन्द्रित विधिहरुको प्रयोग बढीमात्रामा प्रयोग भइरहेकोले सामाजिक विषयमा प्रभावकारी हुने क्षेत्रभ्रमण, छलफल, क्रियाकलाप, अवलोकन, अभिनय, भूमिका निर्वाह जस्ता विधिहरुको प्रयोग बढाउनुपर्ने देखिन्छ ।

### ४.४.५ निरन्तर मुल्याङ्कन कार्यलाई प्राथमिकता दिइनुपर्ने

शिक्षण सिकाइ कार्य सँगै मुल्याङ्कन कार्यलाई पनि अगाडि बढाए पुनर्वल तथा थप सिकाइको माध्यमबाट विद्यार्थीहरुलाई पृष्ठपोषण दिएर प्रभावकारी रुपमा सिकाउन सकिने भएकाले यस कार्य पनि शिक्षण कार्य सँगै गर्न आवश्यक देखिने विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिको सुझाव रहेको छ ।

### ४.४.६ तालिममा सिकेका सीपलाई व्यवहारमा लागु गरिनुपर्ने

सामाजिक शिक्षणमा देखिएका समस्या समाधान गर्न,विद्यालयका शिक्षकहरुलाई समय समयमा तालिमको व्यवस्था गरी सो अनुसारको शिक्षण भए नभएको अवलोकन गरी दण्ड पुरस्कारको व्यवस्था गरिनुपर्ने, शैक्षिक सामग्रीको व्यवस्था गरिनुपर्ने र विद्यालयको हरेक गतिविधिहरु अभिभावकहरु सँग प्रष्ट राखिनुपर्ने र अभिभावकहरु पनि विद्यालय प्रति जिम्मेवार भई विद्यार्थी नियमित गराउनुपर्ने अभिभावक तथा वि.व्य.स. पदाधिकारीहरुको सुझाव रहेको छ ।

### ४.४.७ शिक्षा ऐन तथा नियमावलीको पूर्ण पालना गरिनुपर्ने

शिक्षामा आएका नवप्रवर्तनहरुलाई अङ्गिकार गरी विषयको प्रकृति अनुसारका विद्यालर्थी केन्द्रित तथा क्रियाकलाप मुखी शिक्षण विधिको प्रयोग गरिनुपर्दछ । शिक्षकले शिक्षा ऐन तथा नियमावलीको पूर्ण पालना गर्नुपर्ने विद्यालय निरीक्षकको सुझाव रहेको छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु

## ५.१. प्राप्ति

यो प्रतिवेदन इलाम जिल्लाको लक्ष्मिपुर स्रोतकेन्द्रको सामाजिक अध्ययनका लागि प्रभावकारी शिक्षण विधि नामक शीर्षकमा तयार पारिएको हो । यस सामाजिक अध्ययनका लागि प्रभावकारी शिक्षण विधि शीर्षकमा गरिएको अनुसन्धानात्मक कार्यको मुख्य उद्देश्य सामाजिक अध्ययन विषय शिक्षणमा प्रभावकारी शिक्षण विधिको खोजी गर्नु रहेको थियो ।

अध्ययन गर्ने क्रममा विद्यालयमा सामाजिक अध्ययनमा प्रयोग गरिरहेका शिक्षण विधि, पहिचान गर्ने क्रममा विद्यालयहरुमा हालसम्म शिक्षक केन्द्रित विधिनै बढी मात्रामा प्रयोगमा आइरहेको पाइयो । सामाजिक विषयमा उपयुक्त हुने शैक्षिक सामग्रीहरुको प्रयोग भएको पाइएन । शिक्षणमा विद्यार्थी निष्कृय र शिक्षक मात्र सकृय रहेको पाइयो ।

यसैगरी सामाजिक अध्ययनका लागि प्रभावकारी हुने शिक्षण विधिहरुमा छलफल, क्षेत्रभ्रमण, क्रियाकलाप, समस्या समाधान, योजना विधिहरु प्रयोगमा ल्याउनुपर्ने र यी विधिहरु उपयुक्त हुने पाइयो तथापी यस्ता विधिहरु विद्यायहरुमा प्रयोगमा ल्याइएको पाइएन ।

यसका साथै विद्यालयहरुमा शैक्षिक सामग्री, विद्यालयको भौतिक अवस्था तथा आर्थिक स्रोतको अवस्था कमजोर रहेको पाइयो । शिक्षककहरु परम्परागत विधिमा नै पोख्त रहेको पाइयो । विद्यालयमा उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गर्दै विद्यार्थी केन्द्रित तथ अन्तरक्रिया विधिको प्रायोग गरेर शिक्षण गरेको खण्डमा उपलब्धि उच्च रहने देखिन्छ ।

अनुसन्धानबाट प्राप्त निष्कर्षका आधारमा सामाजिक अध्ययन विषयको शिक्षण कार्यमा उपयुक्त विधि प्रयोग गर्ने क्रममा कार्यान्वयन तहमा परम्परात्मक विधिलाई कम गर्दै विषय वस्तु अनुसार उपयुक्त विधिको प्रयोग गर्नुपर्ने, जसका लागि कार्यान्वयन पक्ष सँग सम्बन्धित रहेका सबै सरोकारवालाहरुले सो वातावरण वनाउनुपर्ने, नीति निर्माण तहले समयमा सम्बन्धित निकायहरुमा भइरहेका क्रियाकलापहरुको सुपरिवेक्षण गरी पृष्टपोषण प्रदान गर्नका साथै तयाँ तयाँ सीपको विकास गराउँदै लैजानपर्ने र थप अनुसन्धान कर्ताहरुले यस सामाजिक अध्ययन विषयमा समय अनुसार नयाँ/नयाँ विधि तथा प्रविधिहरुको प्रयोग हुन सक्ने भएकोले त्यस्ता नयाँ/नयाँ विधिहरुको खोजी गर्न पर्ने देखिन्छ ।

## ५.२ निष्कर्ष

पाठ्यक्रमको उद्देश्य, विषयवस्तुको प्रकृति आदिका आधारमा विद्यार्थी केन्द्रित तथा अन्तरक्रियात्मक विधहरु वढी प्रभावकारी हुन्छ । विद्यालयको योजना, भौतिक व्यवस्थापन, शिक्षकको मनस्थिती जस्ता कुराले पनि प्रभावकारी शिक्षण विधिको प्रयोगमा प्रभाव पारेको हुन्छ । प्रभावकारी शिक्षण विधिको अभावमा कक्षा सञ्चालन प्रभावकारी हुँदैन र सिकाइ उपलब्धि पनि सन्तोषजनक प्राप्त हुन सक्दैन ।

प्रभावकारी शिक्षण विधिको प्रयोग कक्षा कोठामा मात्र सिमित नरही विद्यालयको हाता तथा हाता वाहिर समेत सञ्चालन गर्न सकिन्छ । प्रभावकारी शिक्षण विधिका लागि विद्यालयको सवल भौतिक अवस्था, विद्यालर्थीको नियमितता, शैक्षिक सामग्रीको पर्याप्तता आदि जस्ता कुराहरुको आवश्यकता पर्दछ तथापी, उपलब्ध स्रोत सामग्री र अवस्थालाई अधिकतम प्रयोग गरी प्रभावकारी शिक्षण गर्न सकिन्छ जसका लागि विषय शिक्षकले प्रभावकारी शिक्षण विधिको चयन गरी शिक्षण गर्नुपर्दछ । विद्यालयमा उपलब्ध सामग्रीको अधिकतम प्रयोगबाट सिकाइ उपलब्धिमा बृद्धि गर्न सकिन्छ । सिकाइ उपलब्धिको बृद्धिनै प्रभावकारी शिक्षण विधि प्रयोगको नतिजा बन्न सक्छ । त्यसैले सामाजिक विषय शिक्षक स्थानीय समुदाय, विश्वपरिवेश, देश काल परिस्थिती सँग घुलमिल भई हर हमेसा विषयवस्तुमा आइरहेको परिवर्तन प्रति अध्यावधिक रहेर शिक्षणमा त्यसको प्रयोग गरी विद्यार्थीलाई वढी क्रियाशील बनाइराख्न सक्दछ ।

## ५.३. नीतिगत तहका लागि दिइएका सुझावहरु

देशको शिक्षा नीति निमार्ण गर्ने योजना निमार्ण गरी कार्यान्वयन गराउने मुख्य अङ्गनै राज्यवा सरकार हो । वालवालिकालाई गुणस्तरीय शिक्षा प्रदान गरी भविष्यमा दक्ष नागरिक उत्पादन गर्ने मुख्य जिम्मेवारी पनि राज्य वा सरकारकै हो । अझ बर्तमान बदलिंदो परिस्थितीमा आफ्ना नागरिकलाई विश्व सामु विक्न सक्ने बनाउनका साथै वर्तमान समाज,समुदाय छिमेकी मुलुक, त्यहाँका नागरिक आदि सँग समन्वय गरी विश्वपरिवेश अनुसारको व्यवहार गरी असल नागरिक वनाउने मुख्य दायित्व राज्य वा सरकारको छ । त्यसैले यस सामाजिक अध्ययनका लागि प्रभावकारी शिक्षण विधि विषयको अध्ययन गर्ने क्रममा सरोकारवालाहरु सँगको छलफल, अन्तरक्रिया आदिको क्रममा सामाजिक

शिक्षणमा पाइएका समस्या र समाधानका उपायहरु सङ्कलन गर्ने क्रममा राज्य वा सरकारलाई निम्न सुझावहरु दिइएको छ

विद्यालयलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राखी शुद्ध शैक्षिक संस्थाको रुपमा विकास गराउनुपर्ने सामाजिक विषय एकिकृत विषय भएकाले विश्व परिवेशमा आएका नयाँ नयाँ अवधारणाहरुलाई विद्यालयमा पुऱ्याउनुपर्ने, समयमानै शैक्षिक सामग्री, सन्दर्भ सामग्री, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरु उपलब्ध गराइनुपर्ने, निरन्तर रुपमा कक्षा अवलोकन सुपरिवेक्षण गरी पृष्ठपोषण दिइनुपर्ने ।

## ५.४ कार्यान्वयन तहका लागि दिइएका सुझावहरु

"विद्यालय समुदायको, समुदाय विद्यालयको" त्यसैले समुदायको पहलमा स्थापना भएका विद्यालय समुदायको अलौकिक सम्पती हो । त्यस्तै समुदाय परिवर्तनको मेरुदण्डको रुपमा रहेको विद्यालयका समुदाय विना एक्लै रहन सक्दैन । विद्यालय राम्रो हुनु भनेको समुदाय राम्रो हुनु हो र समुदाय राम्रो हुनु भनेको विद्यालय राम्रो हुनु हो । त्यसैले यस अध्ययनका क्रममा पाइएका सामाजिक शिक्षणका समस्याहरु र ती समस्या समाधानका लागि सम्बन्धित पक्षबाट पाइएका सुझावहरुका आधारमा विद्यालयमा सामाजिक अध्ययनका लागि प्रभावकारी शिक्षण हुन समुदायको समेत मुख्य भूमिका हुने भएकोले समुदायलाई निम्न सुझावहरु दिइएको छ ।

अभिभावकहरुले नियमित रुपमा विद्यार्थीहरुलाई विद्यालयमा पठाउनु पर्ने । विद्यार्थीका लागि आवश्यक न्युनतम शैक्षिक सामग्रीहरु अनिवार्य उपलब्ध गराइनुपर्ने ।  घरमा पुनरावलोकन गर्न अनिवार्य  लगाइनु पर्दछ । तालिममा सिकेका सीपलाई अनिवार्य रुपमा कक्षामा प्रयोग गरिनुपर्दछ । सामाजिक विषयका लागि उपयुक्त विधिहरु प्रयोग गरिनुपर्दछ । शिक्षणमा विद्यार्थी केन्द्रित विधिहरुको प्रयोग गरी निरन्तर विद्यार्थी मुल्याङ्कन पद्दती अपनाउनुपर्दछ । समय समयमा शिक्षक विद्याथी अभिभावक वीचको अन्तरक्रिया गराइ प्राप्त सुझावहरुलाई कार्यान्वयन गरिनुपर्दछ ।

## ५.५ थप अनुसन्धानका लागि सुझावहरु

कुनै एक विषयमा गरिएको अध्ययनबाट आएका निष्कर्षहरु सोही विषयका अन्य पक्षहरुको थप अध्ययनका लागि आधार हुने गर्दछन् । तर कुनै एक विषयको अध्ययनले सो विषयको सम्पूर्ण क्षेत्रलाई समेट्न सकेको हुँदैन । अन्य अनुसन्धानलाई सहयोग पुऱ्याउन सक्छ तर सम्पूर्ण हुन सक्दैन ।

त्यसकारण सामाजिक अध्ययनका लागि उपयुक्त शिक्षण विधि विषयको थप अनुसन्धानका लागि निम्न सुझावहरु यसरी दिइएको छ :-

समयअनुसार विभिन्न शिक्षण विधिहरु प्रयोगमा आइरहने भएकाले थप अनुसन्धान कर्ताहरुले सामाजिक अध्ययनका लागि आवश्यक हुने थप विधिहरुको खाजी गर्न सकिनेछ। यसका साथै प्रयोगात्मक अनुसन्धानका लागि शिक्षकले प्रयोगमा ल्याउन सक्ने विधिहरु र त्यसको कक्षामा प्रयोग र प्रभावकाररिताको सम्बन्धमा अझ वढी अनुसन्धान गर्न सकिने छ। यसैगरी विद्यार्थी केन्द्रित विधिहरु थप नयाँ नयाँ प्रयोगमा आउन सक्नेछन्। त्यसमा पनि थप अनुसन्धान गरी नयाँ नयाँ विधिको प्रयोग र प्रभावकारिताको सम्बन्धमा खोजी गर्न सकिनेछ। विद्यार्थीहरुलाई सकृय सिकाइका लागि अन्तरक्रियात्मक विधिहरु समेत अन्य प्रयोगमा ल्याउन सकिने हुन सक्छ। त्यसैले त्यस्ता विधहरु समेतको खाजी गरी त्यसको प्रयोग र प्रभावकारिताको सम्बन्धमा थप अनुसन्धा गर्न सकिनेछ।

# सन्दर्भसामग्री

काफ्ले वासुदेव, सिन्हा रामस्वरुप, श्रेष्ठ चन्द्रवहादुर र वस्नेत सम्भना २०६१) *शैक्षिक* i *प्रविधि र अनौपचारिक शिक्षा,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

काफ्ले,बासुदेव (२०६३), *शिक्षाका आधारहरु* काठमाण्डौः सनलाइट पव्लिकेशन ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रवहादुर(२०५७),*शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

गुरुङ्ग, हस्त (२०६८), *शिक्षक मासिक,* समिक्षात्मक सिकाइः किन र कसरी ? (वर्ष ५पूणाङ्क ५३) ललितपुरः ज्ञानविज्ञान शैक्षिक सहकारी संस्था ।

ढकाल, माधवप्रसाद र कोईराला, मातृकाप्रसाद (२०६३), *शिक्षाका आधारहरु,* काठमाडौं, रत्नपुस्तक भण्डार ।

पन्त, भरतविलास (२०५०), *सिकाइका सिद्धान्तहरु,* काठमाडौंः रत्नपुस्तक भण्डार ।

पाँडे, रामकुमार (२०५४), *सामाजिक शिक्षा सिद्धान्त र शिक्षण,* काठमाडौंः रत्नपुस्तक भण्डार ।

पाठ्यक्रम विकास केन्द्र (२०६२), *विद्यालय शिक्षाको पाठ्यक्रममा जीवनोपयागी सीपको समाविष्टता सम्बन्धि अध्ययन प्रतिवेदन,* पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), *माध्यमिक शिक्षा पाठ्यक्रम,* भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

श्रेष्ठ, कल्याणी (२०५५), *सामाजिक अध्ययन शिक्षण,* काठमाडौंः रत्नपुस्तक भण्डार ।

अनुसूची-१

सामाजिक अध्ययनका लागि प्रभावकारी शिक्षण विधि

प्रधानाध्यापकका लागि प्रश्नावली

विद्यालयको नामः-                ठेगानाः-

प्रधानाध्यापकको नामः-

१) तपाईंको विद्यालयमा शैक्षिक सामग्री कति छन् ? कुन कुन विषयका छन् ?

२) विद्यालयको शैक्षणिक योजना छ कि छैन ?

३) सामाजिक विषय कति प्रतिशत विद्यार्थीहरु उत्तिर्ण हुने गरका छन् ?

४) शैक्षिक भ्रमण लैजाने गर्नुभएको छ ?

५) तपाईंको विद्यालयमा सामाजिक विषय अध्यापन गर्ने शिक्षक तालिम प्राप्त छन् ?

६) तपाईंको विद्यालयमा वढी मात्रामा प्रयोग हुने शिक्षण विधि कुन हो ?

७) सामाजिक विषयका लागि कुन विधि उपयुक्त हुन्छ र किन ?

८) तपाईंको विद्यालयका शिक्षक विद्यार्थी, अभिभावकहरु शिक्षण प्रति कतिको सन्तुष्ट हुनुहुन्छ ?

# अनुसूची-२

## सामाजिक अध्ययनका लागि प्रभावकारी शिक्षण विधि

## शिक्षकका लागि प्रश्नावली

विद्यालयको नामः-　　　　　　　　　ठेगानाः-

शिक्षकको नामः-

१)　सामाजिक अध्ययन विषयको अवधारणा के हो ?

२)　सामाजिक अध्ययन विषयको उद्देश्यहरु के के हुन ?

३)　कसरी शिक्षण गर्दै आउनुभएको छ ? कुन कुन शिक्षण विधिको प्रयोग गर्दैहुनुहुन्छ ?

४)　शैक्षिक सामग्रीहरु के के प्रयोग गर्दै आउनुभएको छ ?

५)　तपाईंको विषयमा कति प्रतिशत विद्यार्थी उत्तिर्ण हुँदै आएका छन् ?

६)　आफ्नो शिक्षणबाट तपाईं कतिको सन्तुष्ठ हुनुहुन्छ ?

७)　सामाजिक अध्ययन विषय शिक्षणमा पाइएका समस्याहरु के के हुन् ?

८)　तपाईंको शिक्षण कार्यमा क कसको सहयोग पाएनुभएको छ ?

अनुसूची-३

## सामाजिक अध्ययनका लागि प्रभावकारी शिक्षण विधि

## स्रोतव्यक्ति तथा निरीक्षकका लागि प्रश्नावली

स्रोतकेन्द्रको नामः-　　　　　　　　ठेगानाः-

स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकको नामः-

१) सामाजिक अध्ययन विषयको अवधारणा के हो ?

२) कक्षा अवलोकन गर्ने गर्नुभएको छ ? छ भने सामाजिक विषय अध्यापन गर्दा कस्ता कस्ता विधिहरु प्रयोग भइरहेको पाउनु भएको छ ?

३) ति विधिहरु उपयुक्त छन् ?

४) सामाजिक विषयलाई प्रभावकारी रुपमा अध्यापन गर्न तपाईंले के सहयोग पुऱ्याउनु भएको छ ?

५) कस्ता कस्ता शैक्षिक सामग्री यस विषयका लागि प्रभावकारी हुन्छन् ?

६) तिनीहरुको प्रयोग भएको पाउनु भएको छ ?

७) बर्तमान सामाजिक विषयको अध्यापन कार्य प्रति कतिको सन्तुष्ट हुनुहुन्छ ?

८) साकाजिक विषयको मुल्याङ्कन प्रक्रिया कस्तो छ ? यसले प्रभाकारी मुल्याङ्कन हुन सकेको छ ?

९) कक्षा अवलोकन पछि सुधार गर्नुपर्ने कुराहरु शिक्षकलाई कसरी सुझाव दिने गर्नुभएको छ ?

# अनुसूची-४

## सामाजिक अध्ययनका लागि प्रभावकारी शिक्षण विधि

## अवलोकन फारम

अवलोकन गरिएको विद्यालयको नाम, ठेगाना :

कक्षा :

विद्यार्थी संख्या :

शिक्षण गरिएको विषय :

विषय शिक्षकको नाम :

शिक्षण गऐिको पाठ :

अवलोकनका क्रममा पाइएका कुराहरु

१) पाठयोजना .............।

२) शैक्षिक सामग्री..........................।

३) शैक्षिक सामग्रीको प्रयोग..........................।

४) शिक्षण क्रियाकलाप................................।

५) चकपाटीको प्रयोग..................................।

६) कक्षा कोठाको व्यवस्थापन........................।

७) विद्यार्थी बसाई व्यवस्था................................।

८) विषयवस्तुको प्रस्तुतीकरण....................................।

९) विद्यार्थी सहभागिता.........................।

१०) मुल्याङ्कन...............................।

११) पृष्ठपोषण..........................।

१२) अन्य.......................... ।

अनुसूची-५

सामाजिक अध्ययनका लागि प्रभावकारी शिक्षण विधि

विद्यार्थीको लागि अन्तरवार्ता प्रश्नावली

विद्यालयको नाम, ठेगाना :

कक्षा :

विद्यार्थीको नाम :

रोलनम्बर :

राम्रो लाग्ने विषय ? ................

सामाजिक विषय कस्तो लाग्छ ?............

शिक्षकले कक्षामा कुन विधिको प्रयोग बढी गर्नुहुन्छ ? (कसरी पढाउनुहुन्छ ?).......

कुन विधि प्रयोग गरिदेओस जस्तो लाग्छ ?(कसरी पढाओस जस्तो लाग्छ ?)................

सामग्रीहरु कुन कुन प्रयोग गर्नुहुन्छ ? ..................

भ्रमणमा लैजाने गर्नुभएको छ ?.............

कक्षा कतिको शान्त हुन्छ ?.............

कक्षा कार्य गृह कार्य कतिको दिनुहुन्छ ?.............

कक्षाका कतिको कढाई गर्नुहुन्छ ?............

कक्षा नियमित सञ्चालन हुन्छ ?.............

कहिले काहीं नयाँ मानिस पनि कक्षामा सर सँगै आएर पढाएको हेर्ने गरेको छ ? .........

.

अनुसूची-६

सामाजिक अध्ययनका लागि प्रभावकारी शिक्षण विधि

अभिभावकका लागि अन्तरवार्ता प्रश्नावली

विद्यालयको नाम, ठेगाना :

अभिभावकको नाम :

आफ्नो विद्यार्थीको नाम :

कक्षा :

विद्यार्थी नियमित स्कुल आउँछन् ? .................

कुन विषय राम्रो मान्छन् ?............

कुन शिक्षकले कक्षामा पढाएको राम्रो भएको वताउँछन् ? .......

सामाजिक पढेर के जानोस जस्तो लाग्छ ?................

समय समयमा स्कुल आउने गर्नुभएको छ ? ..................

स्कुल आँउदा के के गर्नुहुन्छ ?.............

पढाए नपढाएको हेर्नुहुन्छ ?.............

गृह कार्य नानीले कतिको गर्छ ?.............

कुन विषय अप्ठ्यारो मान्छ ?............

कक्षा नियमित सञ्चालन हुन्छ ?.............

अनुसूची-७

सामाजिक अध्ययनका लागि प्रभावकारी शिक्षण विधि

छनौटमा परेका विद्यालय र उत्तरदाताको विवरण

| विद्यालयको नाम | विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | प्र.अ. | शिक्षक | अभिभावक | स्रो.व्य. | वि.नि. | विद्यार्थी |
| पूर्णस्मारक उमावि | जीतवहादुर राई | पञ्चहरि गौतम | मेनुका प्रधान | कुमारराज दहाल | प्रकाश खरेल | अनिता राई अनुप आचार्य |
| सरस्वती उमावि | राजेन्द्र अधिकारी | ठविराज वि.क. | घनश्याम थापा | कुमारराज दहाल | प्रकाश खरेल | रोजिला घतानी |
| नन्द मावि | ऋषि पोडेल | रमा पौड्याल | पारश प्रधान | कुमारराज दहाल | प्रकाश खरेल | रेश्मा श्रेष्ठ रिना लिम्बु |